का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ असोज २०७९,
बुधबार
21 September 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २२८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

**गठबन्धनमा सिट बाँडफाँट**

# एक सय सिटमा सहमति ६५ मा त्रिपक्षीय दावी



कांग्रेस नेता कृष्णप्रसाद सिटौला नेतृत्वको कार्यदलले प्रतिवेदन बुझाइसकेपछि पनि गठबन्धन बैठकमा कार्यदल सदस्यहरूलाई राखेर छलफल गर्ने गरिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ असोज ।

प्रतिनिधि सभाको सिट बाँडफाँटका लागि छलफलमा जुटेको सत्तागठबन्धनका नेताहरूले प्रतिनिधि सभाको १६५ मध्ये १ सयभन्दा बढी सिटमा सहमति जुटिसकेको दाबी गरेका छन् । मंगलबार बिहान र बेलुका छलफल गरेका उनीहरूले यस्तो दाबी गरेका हुन् । बाँकीमा सहमति जुटाउन बुधबार पनि बैठक बस्देछ ।

नेकपा एकीकृत समाजवादीका नेता झलनाथ खनाल भन्छन्,'गाँठो फुक्दै गएको छ । अब धेरै दिन लाग्दैन चाँडै टुंग्याउनुपर्छ भन्ने कुरा भएको छ ।'



> गाँठो फुक्दै गएको छ । अब धेरै दिन लाग्दैन चाँडै टुंग्याउनुपर्छ भन्ने कुरा भएको छ ।
>
> **झलनाथ खनाल**
> नेता, नेकपा एकीकृत समाजवादी

मंगलबारको बैठकमा राष्ट्रिय जनमोर्चाका नेता हिमलाल पुरी सहभागी थिए । उनले बुधबार बिहानैबाट पुन छलफल गर्ने गरी मंगलबारको बैठक सकिएको बताए । उनले यसअघि समस्या भएका धेरै स्थानको गाँठो फुक्दै गएको पनि बताए ।

मंसिर ४ मा हुने प्रतिनिधि सभा र प्रदेश सभा चुनावका लागि समानुपातिकतर्फका उम्मेदवारहरूको बन्दसूची निर्वाचन आयोगमा पेश गरेर सत्ता गठबन्धनका शीर्ष नेताहरू प्रत्यक्षतर्फको सिट बाँडफाँटमा सहमति खोज्न केन्द्रित भएका हुन् । दलहरुले आइतबार र सोमबार समानुपातिकतर्फ बन्दसूची निर्वाचन आयोगमा पेश गरेका थिए ।

मंगलबार बिहान बालुवाटारमा प्रधानमन्त्री शेरबहादुर देउवासहित सत्ता गठबन्धनका शीर्ष नेताहरूले प्रत्यक्षतर्फ सिट बाँडफाँट तथा समसामयिक राजनीतिक घटनाक्रमबारे समेत छलफल गरेका थिए । दिउँसो कार्यदलका सदस्यहरूबीच छलफल भयो । कांग्रेस नेता कृष्णप्रसाद सिटौला नेतृत्वको कार्यदलले प्रतिवेदन बुझाए पनि गठबन्धन बैठकमा कार्यदल सदस्यहरूलाई पनि राखेर छलफल गर्ने गरिएको छ। पाँच दलीय सत्ता गठबन्धनमा चुनावी

– बाँकी पृष्ठ २ मा

## समानुपातिकको बन्दसूचीले सहजता !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ४ असोज ।

सोमबार समानुपातिक तर्फका उम्मेदवारको बन्दसूची निर्वाचन आयोगमा बुझाएपछि सत्ता गठबन्धनका नेताहरुले केही सहज महशुस गरेका छन् ।

टिकट दिनै पर्ने शीर्षस्थ नेताहरु समानुपातिकमा बसेपछि भागबण्डा मिलाउन केही सहज हुने देखिएको हो । जसले गर्दा अब डोटी, नुवाकोट- १, झापा - २ दाङ-१, धनुषा - १, बारा - ३ र ४, तनहुँ - १ लगायतका क्षेत्रमा सिट बाँडफाँटको सहमति जुट्न सहज देखिएको छ । सोलुखुम्बु, खोटाङ, सिन्धुपाल्चोक- १ लगायतमा भने गठबन्धनभित्र दोहोरो-तेहोरो दाबीले सहमति खोज्न कठिन परको हो । यद्यपि, समानुपातिकमा शीर्षस्थ नेताहरु बसेपछि धेरै ठाउँको भागबण्डा भने सहजै टुगिंने देखिएको छ ।

तथापि, समग्र सहमति जुटाउन अझै सकस छ । नेपाली कांग्रेसले ठूलो दलको हैसियतमा सय सिट लिने र अन्य दलले पनि सकेसम्म धेरै सिटमा दाबी गर्दा सकस पैदा भएको हो । मंगलबार प्रधानमन्त्री शेरबहादुर देउवासहित सत्ता गठबन्धनका शीर्ष नेताहरूले प्रत्यक्षतर्फ सिट बाँडफाँटबारे छलफल पनि गरेका थिए । मुख्यगरी सबै दलका शीर्षस्थ नेता आफ्नो अडानबाट पछि नहटेपछि सिट बाँडफाँड थप सकसपूर्ण भएको हो ।

'अहिले पनि सबै दलले आफ्नै अडान राखिरहँदा सहमति हुन नसकेको हो, नेपाली कांग्रेसका सभापति लचक भएपनि पार्टीको दबावका कारण उहाँ सय सिटकै दाबी गरिरहनुभएको छ, देउवा निकट एक नेताले भने । उनले नेपाली कांग्रेस ८० सिटबाट तल नझर्नेन दाबी पनि गरेका छन् ।

अहिले पनि कांग्रेसको दाबी १०० सिटमा छ । नेकपा माओवादी केन्द्रले ६० सिट, नेकपा एकीकृत समाजवादीले ४०, जसपाले ३२ र राष्ट्रिय जनमोर्चाले २ सिटमा दाबी गर्दै आएका छन् । तरपनि दलहरू लचिलो नहुँदा सिट बाँडफाँटमा सहमति जुट्न सकेको छैन । यद्यपि, निर्वाचन आयोगले भने आयोगले असोज २३ गते प्रत्यक्षतर्फ उम्मेदवारी दर्ता गर्नुपर्ने कार्यतालिका बनाएको छ।

– बाँकी पृष्ठ २ मा

# निर्वाचन अधिकृतको कार्यालय स्थापना

निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्दा मुख्य निर्वाचन अधिकृतको कार्यालय जिल्लाको सदरमुकाममा र निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित निर्वाचन क्षेत्रको पायक. पर्ने स्थानमा तोकिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ असोज ।




**आम चुनाव २०७९**

आम चुनाव २०७९ का लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ । निर्वाचन आयोगले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय जिल्लाको सदरमुकाम र सम्बन्धित निर्वाचन क्षेत्रभित्रका स्थानीय तहमा स्थापना गर्ने निर्णय गरेको हो । निर्णयअनुसार १६५ निर्वाचन क्षेत्रका लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको हो ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ७ (३) मा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्दा मुख्य निर्वाचन अधिकृतको कार्यालय जिल्लाको सदरमुकाममा र निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित निर्वाचन क्षेत्रको पायक. पर्ने स्थानमा तोकिने छ भन्ने उल्लेख छ । यस अनुसार निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने निर्णय गरिएको निर्वाचन आयोगका सहसचिव तथा प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

समानुपातिक निर्वाचन प्रणालीका लागि ४८ राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची दर्ता गराएका छन् । ६८ दलले निवेदन दिएकोमा ४८ ले मात्रै उम्मेदवारको बन्दसूची दर्ता गराएको निर्वाचन आयोगले जानकारी दिएको छ । प्रतिनिधि सभामा समानुपातिल संख्या ११० रहेको

– बाँकी पृष्ठ २ मा

**चाडपर्व सुरक्षा योजना लागू**

# काठमाडौंमा ३ हजार ३४३ प्रहरी परिचालन

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ४ असोज ।

दशैं, तिहार, छठ लगायत नजिकिदौं चाडपर्वको समयमा काठमाडौँको सुरक्षार्थ ३ हजार तीन सय ४३ प्रहरी परिचालन भएका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौँका अनुसार मंगलबारदेखि चाडपर्व सुरक्षा योजना लागू भएको छ । लागू भएको चाडपर्व सुरक्षा योजना अन्तर्गत काठमाडौंको सुरक्षालाई भरपर्दो बनाउनका लागि ३ हजार ३४३ प्रहरी परिचालन भएका हुन् ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनाली चाडपर्वमा हुन सक्ने आपराधिक क्रियाकलापलाई न्यूनीकरण गर्दै सुरक्षाको भरपर्दो वातावरण निर्माण गर्न चाडपर्व सुरक्षा योजना लागू गरिएको बताउँछन्। उनी भन्छन्, 'सुरक्षा निकायबीच उच्च समन्वयमार्फत प्रभावकारी तवरले सुरक्षाकर्मी परिचालन गर्ने, घटना घटेको ठाउँमा पाँचदेखि सात मिनेटसम्म पुगी कानुनबमोजिम कारबाही गर्ने, स्रोत र साधनको यथोचित परिचालन गर्ने, अपराधको न्यूनीकरण गर्ने, पीडितलाई न्याय र पीडकलाई सजाया दिलाउने सुरक्षा योजनाको प्रमुख उद्देश्य रहेको छ ।' अपराध बढी घटेका स्थान र घट्न सक्ने सम्भावित स्थानलगायतमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयसँग समन्वय तथा सहकार्यमा सादा पोसाकमा प्रहरी परिचालन, सूचना संकलन तथा प्रहरी परिचालन भएका छन् ।

– बाँकी पृष्ठ २ मा

# घट्दै कोरोना संक्रमण



**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ असोज ।

देशभर संक्रमण घट्दै गएको छ । सक्रिय संक्रमित पनि घट्दै गएको छ। मंगलबार देशभर ७४ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि हुँदा ३ हजार ५१२ जनाको नमुना परीक्षण गर्दा पीसीआर विधिबाट ३९ तथा एन्टिजेन विधिबाट ३५ जनामा संक्रमण पुष्टि भएको हो ।

यही अवधिमा १६० जना संक्रमणमुक्त भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जानकारी दिएको छ । यो सँगै देशभर सक्रिय संक्रमितको संख्या १ हजार ६१९ पुगेको छ ।

**वैदेशिक रोजगार विशेष**

## ५ डलरको अभिमुखीकरण तालिमप्रति चौतर्फी प्रश्न

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ असोज

वैदेशिक रोजगारमा जाने कामदारले वैदेशिक रोजगारमा जानुभन्दा अघि लिएको तालिमको प्रभावकारिताका विषयमा नेपाल र मलेसिया दुबैतर्फ प्रश्न उठेको छ । वैदेशिक रोजगार ऐनको दफा २७ ले वैदेशिक रोजगारमा जाने कामदारले वैदेशिक रोजगारमा जानुभन्दा अघि विभागबाट तोकिएका ऐनको दफा २८ बमोजिम अनुमतिपत्र प्राप्त गरेको संस्थाबाट तोकिए बमोजिम अनिवार्य अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था गरेपछि विगतदेखि नै विभागमा सूचीकृत अभिमुखीकरण संस्थाले प्रस्थान पूर्वको तालिम दिँदै आएका छन् ।

तालिमको प्रभावकारिताका विषयमा स्वयं अभिमुखीकरण व्यवसायी, वैदेशिक रोजगारीमा जाने कामदार र सरकारी अधिकारी सन्तुष्ट देखिँदैनन् । यस विषयमा नेपालमा व्यापकरूपमा छलफलसमेत भएपनि पुनरावलोकन हुन सकेको छैन ।

मलेसियाका रोजगारदाताले नेपाल र मलेसियाबीचको श्रम सम्झौताको कार्यान्वयन गर्न थालेपछि यो विषय अहिले नेपालभन्दा बाहिर पुगेको छ । नेपाल

– बाँकी पृष्ठ २ मा

### विदेशमा तीन वर्ष काम गरेर स्वदेशमा मालिक

**वेदकोट/रासस–** कञ्चनपुरको भीमदत्त नगरपालिका-१८ जानकी टोलका ३१ वर्षीय सागर क्षेत्री आठ वर्षअघि स्नातक अध्ययन गर्दै गर्दा स्वदेशमै रोजगारी खोजे । स्वदेशमा उनले कुनै काम पाएनन् । उनीसँग आफ्नै काम गर्न लगानी पनि थिएन । निराश बन्दै सागर कामको खोजीमा वैदेशिक रोजगारीमा यूएई हानिए ।

– बाँकी पृष्ठ २ मा

**KUWAIT मा रोजगारको अवसर**

कम्पनी : TEYOR ALJANAH CENTRAL MARKET CO.
शहर: KUWAIT

पुर्व स्वीकृत मिति: २०७९/०६/०४ | चलानी नं.: ६०१८८००१ | L.T. No.: 272250

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier (Female) | 0 | 8 | सम्बन्धित काममा दक्ष | 140 | ५७,६९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner (Indoor) | 0 | 7 | | 120 | ४९,४५० | | | | | | | |
| 3. | Salesperson | 0 | 8 | | 130 | ५३,५७१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर, कार्यालय काठमाडौंमा २०७९ असोज १२ गते (28 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Om International Human Resources Pvt. Ltd.**
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal
Tel : 01-4363646, 4380145 Mob: 9851182358, 9851003367
Itahari Contact No: 9802714040/025580936/025580937

**हार्दिक बधाई**



**रूकमिणा कुमारी ज्ञवाली**

यस संस्थाका शुभेच्छुक **रूकमिणा कुमारी ज्ञवालीज्यूलाई** संविधान दिवस २०७९ को अवसरमा सम्माननीय राष्ट्रपतिज्यूबाट **राष्ट्र एशोवर्धक** पदबाट बिभुषित हुन नेपाल सरकारबाट सिफारिस हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**स्यारोन म्यानपावर सर्भिसेस प्रा.लि**
प्रज्ञा मार्ग, बानेश्वर-९, काठमाडौं

### सुर्तीजन्य पदार्थ

# एक वर्षमा ३७ हजार बढीको मृत्यु

**काठमाडौं/मस-** नेपालमा सुर्तीजन्य पदार्थका कारण एक वर्षमा ३७ हजार ५ सय बढीको मृत्यु हुने गरेको पाइएको छ।

काठमाडौंमा जारी नेपाल हेल्थ समिट, २०२२ मा नेपाल विकास अनुसन्धान प्रतिष्ठानले उक्त तथ्यांक सार्वजनिक गरेको हो।




तथ्यांक अनुसार सन् २००० मा २५,३०० भन्दा कम रहेको संख्या २०१९ मा आइपुग्दा ३७,५०० भन्दा बढी हुन पुगेको छ। सुर्तीजन्य पदार्थको प्रयोगका कारण हुने मृत्युको संख्या सन् १९९० देखि वर्षैपिच्छे बढ्दै गएको र विशेष गरी सन् २००० देखि द्रुत गतिमा बढेको तथ्यांमा उल्लेख छ। यही अनुपातले वृद्धि भएमा सन २०५० सम्ममा १३ लाख ४० हजार नेपालीले सुर्तीजन्य पदार्थका कारण ज्यान गुमाउने अनुमान गरिएको छ।

वासिंटन विश्वविद्यालय अन्तर्गतरको स्वतन्त्र, आधिकारिक र विशेषज्ञ स्वास्थ्य अनुसन्धान संस्था, हेल्थ मेट्रिक्स एण्ड इभ्यालुएसनद्वारा संकलन र विश्लेषण गरिएको उक्त तथ्यांकमा २०२० देखि २०५० सम्ममा १,३४०,००० नेपालीले सुर्तीजन्य पदार्थका कारण ज्यान गुमाउने अनुमान गरिएको छ। नेपाल विकास अनुसन्धान प्रतिष्ठानले तयार पारेको तथ्यांक नयाँ अनुमानमा आधारित छ।

सुर्तीजन्य पदार्थको प्रयोगले नेपालीको स्वास्थ्य र जीवनमा ठूलो र बढ्दो नकारात्मक प्रभाव पारिरहेको प्रतिवेदनमा उल्लेख छ। हेल्थ मेट्रिक्स एण्ड इभ्यालुएसनले हालसालै २०१९ मा विश्वव्यापी रोगको भारको अनुमान सार्वजनिक गरेको छ।

प्रतिवेदनमा हरेक ५ जनामा एक जनाको मृत्यु धुम्रपानका कारणले हुने उल्लेख छ। दक्षिण एशियामा धुम्रपानबाट सबैभन्दा बढी मृत्यु हुने देशमध्ये नेपाल रहेको छ भने मृत्युदरमा नेपालले भारतलाई समेत उछिनेको अवस्था छ। ३० वर्ष अगाडि नेपालमा सुर्तीजन्य पदार्थबाट मृत्युदर श्रीलंका भन्दा कम थियो भने हाल श्रीलंका भन्दा दोब्बर छ।

प्रतिवेदन अनुसार सन् २०१९ मा नेपालमा हुने मृत्युमध्ये १९.४ प्रतिशतको कारण सुर्तीजन्य पदार्थ थियो भने पाँचमध्ये झन्डै एक मृतकहरूको संख्या १९९० बाट १०.५ प्रतिशतले वृद्धि भएको छ।

नेपाल सुर्तीजन्य पदार्थको प्रयोगबाट हुने मृत्युको सबैभन्दा धेरै अनुपात भएका विश्वका शीर्ष १५ प्रतिशत देशहरूमा पर्दछ जुन २०४ देशमध्ये २९ औं स्थानमा रहेको प्रतिवेदनमा उल्लेख छ।

सन् १९९० देखि २०१९ सम्म नेपालमा सुर्तीजन्य पदार्थको प्रयोगबाट हुने मृत्युको अनुपात विश्वका अन्य देशको तुलनामा अत्यन्तै बढेको छ। नेपालमा सुर्तीजन्य पदार्थबाट हुने मृत्युको अनुपात ९ प्रतिशतले बढेको छ, जुन अन्य देशको तुलनामा २ प्रतिशतले बढी हो। सुर्तीजन्य पदार्थको प्रकोप घटाउनका लागिकडा कदमन चालेसम्म सुर्तीजन्य पदार्थको कारणबाट हुने मृत्युको संख्या बढ्दै जाने अनुमान गरिएको छ। यदि छिटो कदम चालेको खण्डमा धेरैको ज्यान बचाउन सकिने प्रतिवेदनमा उल्लेख छ।

# २ अर्ब ४२ करोडको विद्युत भारत निर्यात

**काठमाडौं/मस-**चालु आर्थिक वर्ष (आव) २०७९/८० को दोस्रो महिनामा २ अर्ब ४२ करोड रुपैयाँको विद्युत भारत निर्यात भएको पाइएको छ।

देशभित्र खपत गरी अतिरिक्त भएको २४ करोड ६५ लाख २९ हजार युनिट विद्युत नेपाल विद्युत प्राधिकरणले भदौमा निर्यात गरी २ अर्ब ४१ करोड ६७ लाख ८२ हजार रुपैयाँ आर्जन गरेको छ।

प्रााधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत गत १९ जेठ बाट इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्री सुरु गरेको थियो।

सुरुमा दुईवटा विद्युतगृहको ३९ मेगावाट उत्पादित विद्युतलाई स्रोत मानी दैनिक रुपमा आइएक्समा बिक्री गरिएको थियो। त्यसपछि २७ जेठबाट दैनिक रुपमा ६ वटा जलविद्युतगृहबाट उत्पादित विद्युतलाई स्रोत मानी दैनिक रुपमा ३६४ मेगावाट भारतीय बजारमा प्रतिश्पर्धी दरमा बिक्री हुँदै आएको छ।

प्राधिकरणले जेठ, असार, साउन र भदौसम्ममा ७८ करोड ७८ हजार युनिट विद्युत भारतीय बजारमा बिक्री गरी ७ अर्ब १९ करोड ८६ लाख रुपैयाँ आर्जन गरेको छ। भारतसँगको विद्युत व्यापार भारतीय रुपैयाँ (भारु)मा हुने भएकोले ४ महिनाको अवधिमा विद्युत बिक्रीबाट ४ अर्ब ४९ करोड ९१ लाख भारु नेपाल भित्रिएको छ। भदौमा मात्र विद्युत बिक्रीबाट १ अर्ब ५१ करोड ५ लाख रुपैयाँ भारु आम्दानी भएको छ।

हरेक महिना विद्युत निर्यात बढ्दा यसबाट प्राप्त हुने रकमबाट (भारु)नेपालको विदेशी मुद्रा सञ्चिती र दुई मुलुकबीचको व्यापार घाटालाई कम गर्न योगदान पुगिरहेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए।

आइएक्समा २४ घण्टालाई १५/१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युतको कारोबार गरिन्छ। त्यसैले हरेक ब्लकको मूल्य फरक-फरक हुने गरेको छ। प्राधिकरणले भदौमा निर्यात गरेको विद्युतको औसत दर प्रतियुनिट ९ रुपैयाँ ८० पैसा रहेको छ। चार महिनाको औसत दर प्रतियुनिट ९ रुपैयाँ २३ पैसा छ।

### गठबन्धनमा...

तालमेल गरेर जाने निर्णय भए पनि कुन पार्टीले कति सिट लिने भन्नेमा पुर्णत सहमति हुन सकेको छैन। गत साउन २० देखि लगातार कार्यदल र शीर्ष नेताहरू छलफलमा बसे पनि सिट बाँडफाँटमा सहमति जुट्न सकेको छैन। निरन्तरको छलफलले एक सय सिटमा सहमति जुटाएको नेताहरुको दाबी छ। ६५ सिटमा मा त्रिपक्षीय दाबी छ। सत्तारुढ गठबन्धनमा महिनौंदेखि पटक पटक छलफल हुँदा पनि सिट बाँडफाँटको विषय पुर्णत टुंगिन सकेको छैन।

आयोगले प्रत्यक्षातर्फ असोज २३ मा उम्मेदवारी दर्ता गर्ने कार्यतालिका बनाएको छ।

### समानुपातिकको...

'हामीलाई सम्मानजनक सिट नभए हामी गठबन्धन छोडेर वामपन्थी मोर्चा बनाउन लाग्छौं, बरु एमालेसँग तालमेल गर्छौं, तर सहमतिमै गठबन्धन हुनुपर्छ, नेकपा माओवादीका एक केन्द्रीय सदस्यले भने। उनले सकेसम्म सबैलाई मिलाएर जाने तयारीमा शीर्षस्थ नेताहरु रहेको पनि बताएका छन्। हुनत, गत साउन २० देखि लगातार कार्यदल र शीर्ष नेताहरू छलफलमा बस्दै आएपनि सिट बाँडफाँट यसरी नै टुंग्याउने भन्ने प्रष्ट खाका भने आउन सकेको छैन।

### निर्वाचन...

छ। समानुपातिक उम्मेदवारको बन्दसूची दर्ता गर्नका लागि आयोगले आइतबार र सोमबारको कार्यतालिका तय गरेको थियो। प्रदेश सभा सदस्यका लागि पनि सोमबार र मंगलबार नै बन्दसूची दर्ता भएको छ। आयोगका अनुसार प्रदेश १ मा ३६, मधेशमा ३६, बागमतीमा ४०, गण्डकीमा ३१, लुम्बिनीमा ३२, कर्णालीमा २८, सुदूरपश्चिममा ३४ दलले बन्दसूची दर्ता गराएका छन्।

### चाडपर्व...

काठमाडौं प्रहरीले जिल्ला प्रहरी परिसर काठमाडौंको फेसबुक पेज, ट्राफिक एफएम तथा सञ्चारका अन्य माध्यमबाट जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, टोलटोलमा माइकिङ गर्नुका साथै पर्चा पम्प्लेट वितरण गर्ने लगायतका कार्य गरिनेछ। चाडपर्वको समयमा काठमाडौंको मुख्य मुख्य चोक, व्यापारिक केन्द्र, आर्थिक कारोबार हुने स्थान, काठमाडौं प्रवेश गर्ने नाकामा सिसिटिभीबाट मनिटरिङ गर्ने, ड्रोनबाट तस्बिर लिई सुरक्षा प्रदान गर्ने, अनुसन्धानमा दक्ष कुकुरको प्रयोग गर्ने, प्रहरी एप्सको प्रयोग गरिनेछ।

काठमाडौंभित्र रहेका १४ प्रहरी वृत्तमा कार्यरत प्रहरीलाई प्रभावकारी परिचालन गरिने, १२ स्थानमा प्रहरी हेल्प डेस्क स्थापना गर्ने, १२ स्थानका टिकट काउण्टरमा प्रहरी खटाउने, २४ स्थानमा मोबाइल गस्ती गर्ने, ९१ स्थानमा पिकेटिङ, प्रहरी निरीक्षकको कमाण्डमा १४ स्थानमा क्युआरटी, २८ स्थानमा नाका सिल, कर्डन एण्ड सर्च, ३५ स्थानमा सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत पर्चा पम्प्लेट वितरण, ४२ स्थानमा चेक प्वाइन्ट, ३८ स्थानमा सादा पोसाकमा प्रहरी परिचालन गरिनेछ।

### ५ डलरको ...

र मलेसियाबीच सन् २०१८ मा सम्पन्न श्रम सम्झौताले कामदारको लागत रोजगारदाताले व्यहोर्नुपर्ने उल्लेख गरे अनुसार सम्झौता कार्यान्वयन गरिरहेका मलेसियाका आरविए समूहमा पर्ने कम्पनीले नेपाली कामदारको राहदानीदेखि स्वास्थ्य परीक्षण, भिसा शुल्क र हवाई टिकट तथा अभिमुखीकरण तालिमको शुल्क फिर्ता दिने गरेका छन्।

अभिमुखीकरणको तालिम शुल्क ७ सय रूपैयाँ मात्रै छ। जुन रकम मंगलबारको विनिमय दर अनुसार ५.४५ अमेरिकी डलर हुन आउँछ। नेपाल अभिमुखी व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले 'साढे पाँच डलरको शुल्कमा तालिम !' भन्दै मलेसियाका रोजगारदाता नपत्याएर छक्क पर्ने गरेको बताउँछन्। शुल्क कम हुँदा कामदारको दक्षतामा नै विदेशी रोजगारदाताले शंका गरी प्रश्न उठाएको गौतमको भनाइ छ।

'तालिमको अवधि र शुल्क दुबै बढाएर बदलिँदो विश्वपरिवेश र मागअनुसार तालिमको प्रभावकारिता वृद्धि गर्न पटक-पटक मन्त्रालय, वैदेशिक रोजगार विभागलगायत अन्य सरकारी निकायको ध्यानाकर्षण गराएपनि आफ्नो कुरा कसैले नसुनिदिने र उल्टो गुणस्तरीय तालिम भएन भनेर अभिमुखीकरण व्यवसायीको आलोचना गर्ने गरिएको छ,' उनले भने।

### विदेशमा...

विदेशमा तीन वर्ष काम गरेर फर्किएका सागरले अहिले भने स्वदेशमै बेत, बाँसबाट फर्निचर तथा अर्मिसोको कुचो जस्ता सामग्री उत्पादन गर्ने विन्ध्यावासिनी नामक लघु उद्योग खोलेका छन्। 'यूएईको पेट्रोल पम्पमा तीन वर्ष काम गरें, विदेशबाट फर्किएर अर्काको मुलुकमा काम गर्नुभन्दा स्वदेशमै उद्यम गर्ने सोच आयो,' उनले भने, 'बुवा वन कार्यालयमा जागिरे हुनाले उहाँलाई यसबारेमा थाहा थियो, उहाँकै सल्लाहअनुसार बेत, बाँसको सामग्री उत्पादन गर्ने उद्योग खोलें।'

भीमदत्त नगरपालिका-१८ जानकी टोलमा वार्षिक एक लाख ५५ हजार भाडामा उनले तीन कट्ठा जमिन भाडामा लिएर उद्योग खोलेका छन्। वैदेशिक रोजगारीको मोह छोडेर उनी अहिले स्वदेशमै आफ्नै उद्यममा जमेका छन्। वैदेशिक रोजगारीका क्रममा कमाएको करिब २० लाख रुपैयाँ लगानीबाट शुरु गरेको उद्योग उनको कमाइको मुख्य स्रोत बनेको छ।

'शुरुमा सानो एउटा कोठाबाट शुरु गरेको काम अहिले विस्तार भएको छ, शुरुमा २० लाख रुपैयाँ लगानी गरेका थियौं,' उनी भन्छन्, 'अहिले बैंकबाट २६ लाख रुपैयाँ जति ऋण लिएका छौं।'सागर आफूले स्वदेशमा रोजगारी मात्रै पाएका छैनन्, स्थानीय १० जनालाई पनि उद्योगमा रोजगारी दिएका छन्। बेत, बाँसको फर्निचर तथा झाडु बनाउने उद्यममा सक्रिय सागर स्वदेशमै काम गरेर विदेशको जस्तै मनग्य आम्दानी हुँदा खुसी छन्।

'फर्निचर बनाउने मिस्त्री तथा झाडु बनाउने गरेर १० जनाले उद्योगमा रोजगार पाएका छन्, वार्षिक रु ३० लाखसम्मको कारोवार हुन्छ,' उनले भने, 'स्वदेशमै काम गरेर सात जनाको परिवार सुखका साथ पालिरहेको छुँ, विदेशमा परिश्रम बेच्नुभन्दा स्वदेशमै काम गर्नु राम्रो छ।'

बेत, बाँसका फर्निचर तथा झाडुको माग धेरै आउने गरेको उनी बताउँछन्। सुदूरपश्चिम मका नौवटै जिल्लामा आफ्नो उद्योगको उत्पादन ढुवानी हुने गरेको उनको भनाइ छ। 'बजारमा माग बढी छ, हामी सुदूरपश्चिमका नौ वटै जिल्लामा उत्पादन पठाउँछौं,' उनी भन्छन्, 'बेत कैलालीबाट ल्याउने गरेका छौं भने अर्मिसो डडेल्धुरा, पाल्ला तथा झापाबाट ल्याउँछौं।'

कामको खोजीमा विदेशिनेलाई स्वदेशमै उद्यम गर्न सागरको सुझाव छ। 'विदेशमा अर्काको काम गर्नुभन्दा स्वदेशमै आफ्नै उद्यम गर्नु उपयुक्त छ,' उनले भने, 'त्यहाँ गर्ने मेहनत आफ्नै ठाउँमा गरेमा विदेशको जस्तै कमाइ यहीं गर्न सक्छौं।'

सरकारले तालिम, बजार व्यवस्थापन तथा स्वदेशमै उद्यम गर्ने युवालाई सहुलियत ब्याजमा ऋण उपलब्ध गराए लगानी नहुँदा आफ्नै उद्यम गर्न नसकेर विदेशिनुपर्ने अवस्थाको अन्त्य हुने उनी बताउँछन्। 'लगानी नहुँदा बैंकबाट ऋण लिनुपर्छ, त्यसमा ब्याजदर चर्को हुनाले समस्या हुने गरेको छ,' उनले भने, 'कम ब्याजमा ऋण पाइएमा युवा लगानी गरेर स्वदेशमै रोजगारीसँग जोडिन सक्थे।'


## साउदीमा रोजगार | कम्पनी: AL ESNAD SPECIALIZED LIMITED COMPANY
शहर: Al- Salamah District

पूर्व स्वीकृत मितिः २०७९/०१/१३ | चलानी नं.: ६०१७८५९७ | LT. No.: 262290 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour/Worker | 18 | 0 | स. काममा दक्ष | 1000 | ३२,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १२ गते (28 Sept. 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

LINK INTERNATIONAL PLACEMENT SERVICE
**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158


## दाङ डायरी
रामप्रसाद सुवेदी/मध्यान्ह

# 'व्यापारीलाई हेर्ने दृष्टिकोण समान नहुँदा समस्या छौं'



बबई ४ हस्तनापुरकी हरि कुमारी वि.क विगत २९ वर्षदेखि हापुरे बजारसँगै आसपासका क्षेत्रमा केरा बेचेर आफ्नो दैनिकी चलाउँदै आएकी छिन्।

वि.स. २०४९ सालदेखि गाउँघरमा गएर काँचो केरा खरिद गर्ने र त्यसलाई पकाएर फेरि डोकोमै बोकेर हापुरे बजारदेखि गाउँघरसम्म पुऱ्याउने वि.क काँचो केरा खरिद गरेर घर फर्कदै गर्दा भेटिइन्।

काँचो केराको डोका बिसाएर सितल ताप्दै गरेको अवस्थामा भेटिएकी वि.कले निराश हुँदै भनिन्, 'यो पेसा बाध्यताले अङ्गालेकी हुँ, घरमा अशक्त श्रीमान् हुनुहुन्छ, जसोतसो श्रीमान् र आफ्नो साँझ बिहानको छाक मात्रै सकेकी छु।

सुरुवातमा १ रुपैयाँको २ कोसा बिक्री हुने केराको मूल्य अहिले १ सय २० देखि १ सय ३० रुपैयाँ दर्जनसम्म पुगेको छ। तर वि.कको दैनिकी फेरिएको छैन।


पसलमा १ सय ५० रुपैयाँदेखि १ सय ६० रुपैयाँसम्म हालेर केरा खरिद गर्ने ग्राहकहरु आफुले १ सय २० देखि १ सय ३० रुपैयाँ दर्जनसम्म घरमै पुऱ्याइदिँदा पनि अझै महङ्गो भयो भन्ने गरेको उनी बताउँछिन्। पसलका ब्यापारी र सडकमा हिँड्ने ब्यापारीलाई हेर्ने दृष्टिकोण समान हुन नसकेको उनले गुनासो गरिन्।

सुर्खेत चिसापानी स्थायी घर भई हाल बबई ६ मा ससुराली घरमा बस्दै आएका सन्जु परियारको दैनिकी पनि त्यति सजिलो छैन। परियार बिहानै ५ बजे उठेर पैदल यात्रा गर्दै हापुरे बजार पुग्छन्, आइसक्रिमको रिक्सा डोऱ्याउँदै बजारदेखि गाउँघरसम्म दिनभर आइसक्रिम बेच्छन्।

गाउँमा गुजारा नभएपछि स-परिवार ससुराली आएका परियारले कतै काम नभेटिएपछि रिक्सामा आइसक्रिम बेच्ने बाटो रोजेका हुन्। तर त्यसले पनि परिवार पाल्न धौंधौं भइरहेको छ। परियारले साहुबाट ठेक्का लिएको आइसक्रिमको १०० रुपैयाँ बराबरको ब्यापार गर्दा ३५ रुपैयाँ कमाउँछन्। दिनभर दुःख गर्दा कहिलेकाही त २ सयसम्म पनि कमाई नभएको तितो अनुभव परियारसँग छ।

# बबईका १ जनामा डेंगु संक्रमण पुष्टी

दाङको बबई गाउँपालिकामा १ जनामा डेंगुको संक्रमण पुष्टि भएको छ।




गाउँपालिकाको वडा नम्बर ४ का एक पुरुषमा सोमबार परीक्षण गर्दा डेंगु संक्रमण पुष्टि भएको हो।

दाङको हापुरेमा सञ्चालित सेवा स्वास्थ्य क्लिनिकमा गरिएको परीक्षणमा डेंगु संक्रमण पुष्टि भएको क्लिनिकका सञ्चालक तथा पुरन्धारा स्वस्थ्य चौकीका हेल्थ असिस्टेन सरदराज गिरीले जानकारी दिए।

पछिल्लो समय देशभर डेंगुको संक्रमण बढ्दै गएकाले घर आसपास एवं टोल वरिपरि पानी जम्मा हुन नदिन, शरीर पूरा ढाक्ने गरी कपडा लगाउन, झुलको प्रयोग गर्न र घर आसपास लामखुट्टे मार्ने औषधिको प्रयोग गर्न गिरीले आग्रह गरेका छन्।

### गोठाटार गोलीकाण्डः

# अनुसन्धान गर्न विशेष समिति गठन



**काठमाडौं/मस-** गोठाटार घटनामा मारिएका लाल मोहम्मदको घटनाबारे छानबिन गर्न विशेष समिति गठन गरिएको छ। प्रहरी प्रधान कार्यालयले घटनाको अनुसन्धानका लागि विशेष समिति बनाएको हो।

प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) जनकराज भट्टराईको नेतृत्वका मंगलबार पाँच सदस्यीय समिति बनाइएको उपत्यका प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) रवीन्द्रबहादुर धानुकले बताएका छन्। भट्टराई उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख हुन्।

समितिमा प्रहरी उपरीक्षक (एसएपी) दिनशराज मैनाली, प्रहरी नायब उपरीक्षक (डीएसपी) कृष्ण चन्द लगायत सदस्य छन्। समितिमा साइबर ब्यूरोका एकजना अधिकृतलाई राखिएको छ। सोमबार साँझ साढे ६ बजे गोठाटारस्थित एभेन्जर इन्टरप्राइजेज नामक गोर्मेन्ट उद्योग अगाडि मोहम्मदलाई गोली हानेर अज्ञान समूहले हत्या गरेको थियो। उनलाई 'मेड इन यूएस' लेखिएको पेस्तोलबाट चार राउण्ड गोली हानिएको पाइएको छ।


## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशन मिति २०७९/०६/०५**

उपरोक्त विषयमा यस मध्यबिन्दु नगरपालिकाको Construction of 15 Bedded Hospital In Madhyabindu Municipality (Contract No : 21/MBMW/works/2078/079) का लागि परेका ७ वटा प्रस्तावहरुमध्ये तपशिल बमोजिमका बोलपत्र दाताहरुको प्राविधिक प्रस्ताव प्राविधिक मूल्याकनमा उत्तिर्ण भएकोले निजहरुले पेश गरेको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ (५) बमोजिम मिति २०७९/०६/१२ गते दिनको १२ :०० बजे यस कार्यालयमा खोलिने भएकोले उक्त कार्यमा उपस्थित हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

| S.N. | Bidders Name | Address |
|---|---|---|
| 1 | Shiva Shakti Construction Company pvt.Ltd. | New Baneshwor,Kathmandu |
| 2 | Chaudhary Construction | Gaur-7, Rautahat |
| 3 | Habitat Devchuli JV | Nawalparasi,Nepal |
| 4 | Sobarna - Rajesory JV | Gulmi,Nepal |
| 5 | Kabindra/Goodwild JV | Pokharichauri-8, Kavrepalanchwok |

**प्रमुख प्रशासकीय अधिकृत**

संस्मरण

# परोपकारी स्वास्थ्य शिविरले जुराइदिएको पुनर्मिलन



> परोपकार र पुनर्मिलन दुबैबाट मान्छेलाई अलौकिक आनन्द मिल्छ !
>
> - अगनसिंह थापा

गण्डकी बोर्डिङका अन्य जमघटमा सामेल भएपनि स्वास्थ्य शिविरमा सामेल हुने मौका मिलेको थिएन । कहिले यो र कहिले त्यो कामले पर्खाल लगाइदिएकाले 'स्वास्थ्य शिविर' केवल सपनामा सीमित थियो । सँधै सपना सजाउनु तर सँधै बन्चित भइरहनु भनेको मनभित्र अतृप्ति र औडाहाका बेचैनीहरू हुर्काउनु रहेछ ।

'कृपया आउँदो वैशाख १० गते हुन गैरहेको स्वास्थ्य शिविर र पुनर्मिलनमा सहभागी भैस्योस् है दाजु हजुर' रेखा शाह कार्की बैनीबाट मेसेन्जर बक्समा प्रेमपूर्वक पठाइएको सुखकर सूचनाले उन्मुक्त बनायो मलाई । अहिलेसम्म नजुरेको साइत यसपटक जुर्ने भयो भनेर । जतिजति नजिकिँदै छ दिन त्यतित्यति वैशालु भएर आउँदैछु अनुभूतिहरूमा म ।

अन्ततः त्यो बहुप्रतिक्षित दिन पनि आयो । आज त सबैसँग पुनर्मिलन पनि त हुनेछ । मनमा जागेको यही स्फूर्तिले मलाई बिहानैदेखि चङ्गा बनाइरहेछ । एकाबिहानै मोबाइलको घण्टी बज्यो, 'दाइ सामाखुसीबाट सामेल हुनुहुन्छ होइन ? हाम्रो बस ७ बजे त्यहाँ आउँदैछ ।' हप्ता दिन अगाडि नै भरेको दर्ता फर्मनुसार मलाई स्मरण गराए होम भट्ट भाइले ।

बिहानको पौने ८ बजे शिविरमा ३ थान गाडीले मजस्ता सहभागी गण्डकीयन (गण्डकी बोर्डिङ स्कुलका भूतपूर्व विद्यार्थी)लाई उतारिसकेको छ ।

स्वास्थ्य शिविर सम्पन्न हुने खोकनास्थित जितापुर गन्धकुटी बिहार परिसरमा । गण्डकी बोर्डिङका भूतपूर्व विद्यार्थी संगठन (एग्बोसा), काठमाडौंले आयोजना गरेको एक दिवसीय निःशुल्क स्वास्थ्य शिविरमा मैले पनि सहभागी हुने सौभाग्य पाएको त्यो दिव्य दिन थियो- २०७९ वैशाख १० गते शनिबार ।

के बिरामी ? के साथ सहयोगका लागि आएका स्थानीयबासी ? एकाएक सबैले हामीलाई घेरिहाले । यसरी घेरे मानौं कि हामी सबै सेलिब्रेटी हौं र सजिलै जोकोहीले देखभेट गर्न सक्दैनन् । एग्बोसा, काठमाडौंले यही शिविरको लागि भनेर बनाएको टिसर्ट भकाभक वितरण हुँदै थियो । नास्ताको लागि निम्तो आयो । स्व. देवबहादुर डङ्गोल स्मृति कोष खोकनाका सदस्यहरूबाट । जाम, पाउरोटी, चना, चिया र केही फलफूलले सत्कार गरिएको छ । नास्ता सामान्य नै हो । तर स्वाद असमान्य लाग्दैछ । के सद्भाव र सत्कारबाट प्राप्त सुखद वातावरणले खानेकुराको स्वादलाई समेत वृद्धि गर्छ ? सायद मनको सिँधा सम्बन्ध स्वादसँग गाँसिएको हुन्छ ।

आ-आफ्नै हिसाबले ब्यस्त छन् सबैजना । आजको दिन खोकनाका स्वास्थ सेवाग्राहीलाई सक्दो साथ सहयोग गर्नछ । अन्य काम पन्छाइकन यही परोपकारी भावनाबाट तानिएर एकत्रित भएका छौं हामी । कृष्ण दाइ, अर्जन दाइ, रेखा बैनी लगायतलाई पहिलेका आयोजित कार्यक्रमहरूमा जस्तै जोश जाँगरका साथ लागि परेको देखिरहेको छु । कोही गण्डकीयन बिरामी व्यवस्थापन तिर लागेका छन् त कोही नाम टिपाउन र बिरामी कार्ड दिलाउनतिर ।

चिकित्सक र सहयोगी भाइबहिनीहरू फरक-फरक रोग परीक्षणका लागि छुट्याइएको सम्बन्धित परीक्षण कक्षतिर लागिसके ८ बज्नासाथ । निःशुल्क औषधी वितरण गर्न भनेर तैयारी अवस्थामा बसेका छन् केही भाइबहिनीहरू । अस्थायी भान्साकोठा नजिकैको कक्षमा । उपचारमा आएका स्थानीय बिरामीहरूको जमात जात्रा भर्न निस्केको भीड भन्दा कम छैन ।

बिहानको घाम आँगन हुँदै बौद्ध संस्कृतिकै धरोहर जितापुर गन्धकुटी बिहारकै छातामाथि चढ्यो । हामी पनि दिवा खानाको लागि छत चढ्यौ । छत संगोलको भवनको थियो । 'यो मिचो ह्वःगुमी (टुसा उमारेको मेथी)को अचार, यो पनि मिचो (मेथी) कै साग ...।'

स्वागतमा उभिइरहेकी एक स्थानीय युवतीले खानाको परिकार प्रष्ट्याउँदै भनिन् । तारेको करेला र घुलो गुन्द्रुकको परिकारले पनि स्वादिलो बनाएको छ आजको शाहाकारी नेवारी खानालाई । कुनै तारे होटलको भन्दा कम छैन कुकको पाकशिल्प पनि । यही लन्चरुपी 'खाना' थप्ने क्रममा पुनर्मिलनको अर्को अतिशय सुखद अनुभूतिको स्वाद पनि थपियो ।

'भाइ लमजुङ होस्टलको होइन ?' स्वर र शैली त पुरानै हो । जस्तो स्कुलका पुराना दिनहरूमा थिए । तर ठ्याक्कै ठम्याउन भने नसकिरहेको बेला फेरि मिसियो अर्को प्रिय आवाज 'म सुवासचन्द्र दवाडी ऊ हो बुद्धि गुरुङ ।' मुखबाट निस्केका उक्त आवाज अद्भुत तरङ्ग बनेर कानबाट छिरे । अनायास मन र शरीरमा भावनात्मक रोमाञ्चकताको सञ्चार गरायो । मिठाइ मिल्दाको बालक झैं खुसीले बेस्सरी बुर्कसी मार्यो मेरो मन ।

गण्डकी बोर्डिङको एउटै छात्रावास (लमजुङ), एउटै शयनकक्षमा रहेका दुई दाइसँग ४२ वर्षपछि अनायास भेट हुँदाको विलक्षण स्वाद थियो त्यो । हराएको बहुमुल्य सामान अनायास भेट्टाउँदा खुसी र आनन्द के मिल्ला ? जति भेटौं नभनिकनै लामो समय अन्तरालपछि यसरी जोगले जुराइदिएको जम्काभेटबाट मिल्छ । त्यो पनि अन्तर्मनमा डेरा जमाएर बसेको आत्मीय मान्छेसँग । भेटमा तरङ्गीत भावानात्मक भाका अतुलनीय र प्राप्त सुखानुभूति अव्यक्त अव्यक्त छन् । भाषाका शब्दभन्दा भावना धेरै गुना गहिरा र अर्थपूर्ण हुन्छन् ।

भेटमा हामी केहीबेर आवाजहीन भयौं । अन्तरमनमा खेलेका बेग्रेल्ती भावनाहरू उतार्ने हाम्रा निश्चल आखाहरू मात्र आपसमा चुपचाप मिले । तर मौनतामा पनि स्कुलकालीन मुर्छना मिलिरह्यो । आँखैको भाषामा गरिएका कुराले मुखले बात गरेभन्दा बढी सुखानुभूति दिइरह्यो । जसरी जवानीमा प्रीतिको गुलाबी मोहनी लाग्दा दिन्छ । सायद यस्तै परिस्थितिलाई सम्झेर सबैले बुझ्ने आखाको भाषा पनि बनाएको हुनुपर्छ प्रकृतिले ।

अनायास भएको यो पुनर्मिलनबाट स्कुलकालिन स्मृति कथाहरू ताजा मात्र बनेनन् । विस्मृतिको गर्तमा हराउन लागेको सुखद तस्वीर एकएक हरिया भएर आए मेरा ।

मौनता तोडिएपछिको हामी तीनै जना सिरसिरे हावाको लय सँगसँगै विगतमा बग्यौ र वर्तमानमा उत्रियौं । शिविरको हातेमालोमा मिसिएका हरेक गण्डकीयनको हर्षिलो मुहार देख्दा लाग्थ्यो, 'केही न केही कोमल सपना रुपी स्कुलकालीन प्रसंगहरूबाट सिञ्चित भए सबैसबै । कैयन कलिला उमेरका स्मृति कथाहरूसंग जोडिए होलान् । कुनै न कुनै उठानले सम्झाइदियो होला त्यो कालखण्डका कुरालाई । जसबाट पुनर्मिलनको आस्वाद मिलिरह्यो ।' शिविरमा सेवा पुर्‍याएर सन्तुष्टि बटुल्न र भौतिक भेटघाटको रमाइलोमा रमाउन नै भनेर उपत्यका बाहिर नवलपरासीबाट फूलझैं खिल्खिलाउँदै आउनु भएका खिलेश्वरी धिताल दाइले खुलेर सुनाउनु भो, 'पहिलोपटक यसरी आफ्नै स्कुलका यति धेरै गण्डकीयनसंगको पुनर्मिलनबाट स्कुलकालिन प्रगाढ सम्झनाहरूमा जति जोडतोडले तानिदै गए । उति नि बैशालु बन्दै गएको अनुभूति भो'

सबैभन्दा पुरानो ब्याज (२०३२)का प्रख्यात चिकित्सक (न्यूरोसर्जन) वसन्त पन्त र अर्का पुराना ध्रुव भण्डारी (२०३३) लाई पनि श-शरीर उपस्थिति गरायो । स्कुलप्रतिको असली आस्था र हामी भाइ-बहिनीहरूको स्नेहले । साक्षत साटिएर रमाउन आतुर गण्डकीयनहरूको यति ठूलो सहभागिताबाट पनि प्रष्ट हुन्छ । पुनर्मिलन कति अर्थपूर्ण, अदभूत र आनन्ददायी हुन्छ । दौंतरी त हुँदै हो, गर्विला गण्डकीयनहरूसंग गासिएका अतीतको याद कति अपूर्व, अलौकिक र आत्मीय हुन्छ ।

सबै चिकित्सक भाइबहिनी ब्यस्त छन्, आ-आफ्ना भागमा आएका बिरामीको परीक्षणमा ।

खोकनाबासीका लागि सहयोगमा आएका वडाध्यक्ष रवीन्द्र महर्जनलाई स्थलगत जानकारी सहितको भ्रमण गर्ने इच्छा के जाहेर गरेथे । सहर्ष स्वीकारी हाले । उनैको पछि लागेर निस्केको छु मध्यकालीन खोकना गाउँ अवलोकन गर्न । आकाश छ्याङ्ग छ । भर्खरै नुहाएजस्तो । ताजा हावा, ताजा मन । पुरानो बस्ती तर प्रत्येक घरमा मोटर बाटो पुगेको छ । लागिरहेछ, उपत्यकाको नेवारी गाउँमध्ये एक व्यवस्थित गाउँ हो खोकना । यो खोकनाको सबैभन्दा पुरानो र ऐतिहासिक घर हो । शुरुमै वडाध्यक्षले टिनको बोर्डमा खोकना मुजियम लेखिएको पुरानो घरलाई देखाउँदै भने, 'नेपालमा सबैभन्दा पहिला बिजुली बलेको ऐतिहासिक घर हो यो ।'

नभन्दै बोर्डको मुन्तिर अङ्ग्रेजीमा लेखिएको अक्षरले पनि उनैको कुरालाई नै पुष्टि गरिरहेको पाउँछु । फर्पिङ जलविद्युत आयोजनाले उपत्यकामा बिजुली ल्याउनको लागि यो घरमा सबैभन्दा पहिले परीक्षण गरेको रहेछ । चोएलासी चोकमा खोकनाको मुख्य मन्दिर छ, रुद्रायणी मन्दिर । तर भौतिक संरचना भत्किएको अवस्थामा । जसको पुनर्निर्माण जुटिरहेका छन् केही स्थानीयबासी । यसैको आडैमा अवस्थित वडा कार्यलयमा भेटिएको वडा सदस्य प्रदीप डङ्गोलअनुसार पुरानै पुरातात्त्विक हिसाबले नै मन्दिर निर्माण कार्य भैरहेको छ । गणेश, सरस्वती, कृष्ण र रुद्रेस्वरका हिन्दु देवीदेवताका मन्दिरहरू छन् वरपर । पुरानो इतिहास र संस्कृति बोकेको दे प्युखा पोखरी र एक ढुंगेधारा पनि यही छ । पुराना पुस्ताको जीवनसँग नजीकबाट जोडिएको अर्को यस्तै ढुंगेधारा बसपार्कको आडमा भेटिएको थियो बिहान आउँदै गर्दा । यी सबैले गाउँको प्राचीन एवं पुरातात्विक पहिचानको नै प्रतिनिधित्व गरेका छन् । जावलाखेलबाट जम्मा ५ किलोमीटर दक्षिण पर्ने एक प्राचीन गाउँ खोकना । हामी सीधा उधो डोरिएको मुल बाटो लाग्दैछौ ।

दायाँबायाँका पुरानै बान्कीमा बनाइएका नयाँ घरहरूको बाहुल्यता छ । कहाँ गए ती काठ र माटोले बनेका पुराना तर प्रियलाग्ने घरहरू ? जसको बारे बखान गर्थे पहिलेका मान्छेहरू । जसलाई खोकनाको वेबसाईटमा समेत अझै देख्न र पढ्न पाइन्छ ।

युवतीको कानमा लर्किने गरगहनाको झुम्का जस्ता लाग्ने घरघरका कलात्मक कौसी र झ्यालहरूमा लर्काइएका सेता लसुनका झुप्पाहरू । पहेला मकैका झुत्ताहरू । र रातारता खुर्सानीका मालाहरू । यस्ता स्थानीय कृषि उत्पादनले घरहरूको मात्र होइन, सिङ्गो गाउँको शोभा मनग्य बढाएका थिए । अनेक प्रश्नहरू जन्मिइरहेछ आफैभित्र ।जम्माजम्मी १ हजार ४० घरघुरी रहेको खोकनाको स्थलगत अवलोकनमा यस्ता दृश्य चामलमा बियाँ जसरी पनि नभेटिएपछि ।

म मीठो भ्रममा रहेको कुरा त्यतिबेला थाहा भयो । जतिबेला ती माटो र काठले बनेका पुराना घरहरू ७२ सालको भुकम्पले भत्काइदिएको जानकारी वडा अध्यक्षबाट मिल्यो । भूकम्पपछि बनेका रहेछन् यी सबै नयाँ घरहरू । भुकम्पपछि नै भत्किएको रहेछ, कलात्मक कौसी र झ्यालहरूमा लर्काइने ती स्थानीय कृषि उत्पादनका शोभायमान सभ्यताको निरन्तरता पनि । त्यसो त तोरी पेल्ने काठे मील, धागो काट्ने चर्खा, कपडा बुन्ने तान, अन्न कुट्नेपिस्ने ढिकीजातो, जस्ता परम्परागत तथा रैथाने उपकरणहरू पनि लोप भैसकेछन् यहाँ । अब त तिनीहरूलाई देख्नको लागि महोत्सव कुर्नपर्ने हुन्छ । मात्र ३ दशक अगाडिसम्म यहाँका यस्ता परंपरागत कृषिजन्य सांस्कृतिक पहिचानका मौलिक खजनाहरू घरआँगन मै प्रत्यक्ष देखेर शहरबासीहरू मक्खिन्थे/दङ्गिन्थे ।

सिकाली भन्ने चोकमा आइपुगेका छौ हामी अहिले । वडा सदस्य पुराना शैलीका लहरै बसेका ५ घरलाई औल्याउँदैछन्, 'यी सबै फरकफरक सांस्कृतिक प्रायोजनका गुठी हुन् । तर सबै नेवारी परम्परामा आधारित । वर्षौंदेखि नेवारी भाषा, सस्कार, संस्कृति सम्वर्द्धन गर्दै समस्त खोकनाबासीलाई एकबद्ध पार्नमा खास भूमिका खेल्दै आइरहेका छन् यी परंरागत गुठीहरूले ।

इन्द्रजात्रा यहाँको अर्को मौलिक उत्सव हो । देवीदेवताको नाममा गरिने जात्रा होस् या यामनुसार मनाइने चाडपर्वहरू । अन्यत्रका नेवारसंग नमिल्ने खास खालका भएको कुरा वडा अध्यक्षको जिकिर छ ।

पश्चिम फर्केका गुठी गृहहरूलाई पश्चिम सर्दैको सूर्यले छड्के नजर लगाउँदै थियो । केही छिनमै सुरु हुने प्रसंशा पत्र वितरण तथा समापन कार्यक्रम सम्झेर शिविर स्थल फर्कियौं हामी ।

अपरान्ह ३:३० बजे । गण्डकीयनहरु जम्मा भैसकेका छन् । समारोहमा हामी सबैका वरिष्ठ दाइ डा. वसन्त पन्त, सल्लाहकार मण्डलबाट कृष्ण गुरुङ, ललितपुर महानगरपालिका वडा नं २१ का वडा अध्यक्ष रवीन्द्र महर्जन, एग्बोसा, काठमाडौंका अध्यक्ष दिपक मल्ल लगायतले केही बोल्दै थिए । औपचारिक समारोह जस्तो अनावश्यक औपचारिकता छैन । नेताले झैं समयको पावन्दीलाई नबुझी नदीजस्तो लम्बिने र चुइङ्गमजस्तो नसकिने झन्झटिलो भाषण पनि कसैबाट भएन । करीब १ घण्टामा त उपस्तिथित गण्डकीयनहरूलाई सम्मान पत्र समेत बाँडेर पनि सिद्धियो ।

जम्मा १ सय १० जना (५० चिकित्सक, ६० गैर चिकित्सक)हरूको जम्बो जमातको सहभागिता भएछ शिविरमा । जम्मा ७ सय ७८ स्थानीय बिरामीहरू अल्ट्रासाउन्ड, ईसीजी, भिडियो एक्सरे, ल्याब परीक्षण, पिएफटी (फोक्सोको परीक्षण), प्याब स्मीर टेस्ट (पाठेघर मुखको क्यान्सर परीक्षण) लगायतका निःशुल्क सेवा र औषधिबाट लाभान्वित भएछन् ।

लैनचौरको एक रेष्टुरेन्ट । साँझको ५:३० बजिसकेको छ । साँझ छिप्पिदै जाने जुन गतिलाई कैयौं गुना पछि पारेर चहलपहल र उल्लास ह्वात्तै थपिएको छ । रमझममा ताँतिएर पग्लनेहरूको मात्र के कुरा ? मुक दर्शक भएर मजा लिइरहेका मजस्तालाई समेत यो उल्लासमय उर्जाबाट अलग्गिन पटक्कै मन छैन । घर फर्कने समय जति नै घर्कीसके पनि ।

वास्तवमा परोपकारी भावनाले आयोजना गरिएको स्वास्थ्य शिविर, स्वास्थ्य शिविरमा मात्र सीमित भएन । मित्रता नवीकरणको भरपर्दो माध्यम पनि बन्यो । लामो समय अन्तरालपछिको अन्तर्मनसँग जोडिएका गण्डकीयनसँगको संगतबाट सिङ्गो दिन साच्चै अनमोल र रोमान्चक रह्यो । यसरी विशेष बनेका ती सार्थक संवाद र असली उठबस अहिले पनि उत्तिकै अतिरेक आनन्दको स्रोत बनिरहेछ । भाव र भौतिक मिलनको अविस्मरणीय स्मृति कथा भएर ।

# 'विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गरिएको छ'



**काठमाडौं/मस–** नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सबैभन्दा सस्तो इन्धन विद्युत् नै भएकाले विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गरिएको बताएका छन् । सुन्दर ट्रेडर्स प्रालिले मंगलबार आयोजना गरेको चार्जिङ स्टेशन प्रदर्शनी कार्यक्रममा निर्देशक घिसिङले विद्युत्को प्रयोग बढाएर देश समृद्ध बनाउन सकिने बताए । सवारीसाधनलगायतमा विद्युत्को प्रयोग बढाउन सकिने उनको धारणा छ । 'पहिले लोडसेडिङ हुने समयमा विद्युतीय सामान कल्पना नै गर्न नसकिने भए पनि अहिले त्यसको प्रयोग बढाउन भनिरहेका छौं', निर्देशक घिसिङले भने ।

अहिले विद्युत् व्यापार भइरहेकामा प्राधिकरणको जोड देशभित्रै खपत बढाउनु रहेको कार्यकारी निर्देशक घिसिङले उल्लेख गए । उनका अनुसार अहिले जति रकमको विद्युत् व्यापार भइरहेको छ, देशभित्र खपत बढाउँदा त्योभन्दा बढी रकम आर्जन हुनसक्छ । विद्युतीय सवारीसाधनले सञ्चालन खर्च कम भएका आधारमा यात्रुलाई छुट दिनुपर्ने उनले बताए । घिसिङले भने, 'एक पटक किन्न बढी रकम भए पनि त्यसको सञ्चालन खर्च पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनभन्दा कम छ ।'

सुन्दर ट्रेडर्स प्रालिका अध्यक्ष भेषबहादूर थापाले ट्रलिबस पुनः सञ्चालनका लागि जिम्मेवारी दिन सरकार समक्ष माग गरे । आफूले जिम्मेवारी पाएमा तीन महिनामा सञ्चालन गर्न सक्ने उनको दाबी छ ।

# मधेश प्रदेशको नाम र राजधानी तोकिनु मुख्य उपलब्धि

## ५५ कानून निर्माण




**धनुषा/मस–** मधेस प्रदेशको प्रदेशसभाको कार्यकाल असोज १ देखि समाप्त भएको छ। मधेस प्रदेशको सांसदको पहिलो पाँच वर्षको कार्यकालमा प्रदेशसभाबाट ५५ कानून निर्माण गर्नको साथै प्रदेशसभाले नागरिकतासम्बन्धी सुझाव, लागुऔषध नियन्त्रण, बालविवाह र आर्थिकसम्बन्धी सार्वजनिक महत्वको र प्रदेश प्रहरी भर्नाका लागि सङ्कल्प प्रस्ताव प्रदेशसभाबाट पारित गरेको थियो ।

जटिल राजनीतिक परिवेशमा प्रदेशसभाले प्रदेशको नाम र राजधानीको निर्णय गर्न सफल भएको छ । यस अवधिमा प्रदेशसभामा ६१ विधेयक दर्ता भएका थिए । मदरसा, आकस्मिक सेवा, बालिका संरक्षण, प्रदेश प्रशासन, पर्यटन र यातायातसम्बन्धी छ विधेयक छलफलकै क्रममा समितिमै अड्कियो । प्रदेशसभाबाट पारित हुन नसकेको मदरसासम्बन्धी कानुनको विरोध हुँदा प्रदेशसभा सचिवालयले प्रक्रिया नै अगाडि बढाएन । प्रदेशसभाको पाँच वर्षमा नौ वटा अधिवेशन आह्वान भएको थियो ।

प्रमुख प्रतिपक्ष लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का सचेतक प्रमेश्वर साहले पछिल्लो समय महिनौंसम्म बैठक बस्न नसके पनि प्रदेशसभाको पाँच वर्षे कार्यकाल सफल भएको बताए । प्रदेशसभाको कार्यकाल समाप्त भए पनि प्रदेश सरकार र प्रदेशसभाबाट कुनै सूचना नआउँदा सांसद पद कायम रहेको वा समाप्त भएको बारे साहले अन्योल प्रकट गरे ।

नेपाली कांग्रेसका प्रदेश सांसद शिवचन्द्र चौधरीले मुख्यमन्त्री लालबाबु राउत आलोचनाबाट डराएर पछिल्लो समय सदनलाई सघनरूपमा सञ्चालन हुन नदिएको आरोप लगाए । 'सरकारले सदन नै चल्न दिएन', सांसद चौधरीले भने, 'मुख्यमन्त्री आलोचनाबाट डराए ।' नेकपा एमाले संसदीय दलका नेता सत्यनारायण मण्डलले मधेस प्रदेशमा प्रदेशसभाबाट कुनै उपलब्धि नभएको आरोप लगाए ।

# अवैध फार्मेसी बन्द गर्न अल्टिमेट

**दोधारा चाादनी/मस–** कञ्चनपुरको दोधारा चाँदनी नगरपालिकाले अवैधरूपमा सञ्चालनमा रहेका फार्मेसीलाई बन्द गर्न एक साताको अल्टिमेटम दिएको छ । नगरपालिकाले बजार अनुगमनको क्रममा अधिकांश फार्मेसी दर्ता बिना नै सञ्चालनमा रहेको पाइएपछि एक साताको समय दिएको हो ।

दोधारा चाँदनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दोधारा–चाँदनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेशदत्त मिश्रले अनुगमनका क्रममा अवैध फार्मेसी सञ्चालनमा रहेको पाइएको बताए ।

उनले भने, 'हामीले एक साताभित्र नगरपालिकामा आएर दर्ता गर्न भनेका छौं । स्वास्थ्यजस्तो संवेदनशील विषयमा अनधिकृतरूपमा औषधि बेचेको पाइयो ।'

नगर प्रमुख किशोरकुमार लिम्बूसहित नगरपालिकाको स्वास्थ्य शाखाको टोलीले अनुगमन गर्दा बजारमा शैक्षिक योग्यताको प्रमाणपत्र र दर्ता बिनाका फार्मेसीले अनधिकृतरूपमा औषधि बिक्री गरिरहेको भेटिएको हो ।

दोधारा चाँदनी नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख जयबहादुर महराले नगरभित्र भारतीय नागरिकले अवैधरूपमा फार्मेसी सञ्चालन गरेको पाइएको बताए ।

उनले एक साताभित्र दर्ता प्रक्रियामा नआए बन्द गरिने बताए ।

'न दर्ता प्रमाणपत्र छ न शैक्षिक प्रमाणपत्र छ' उनले भने, 'आवश्यकताभन्दा बढी पावरका र सरकारले बन्देज गरेका औषधिसमेत बिक्री गरेको पाइयो ।' उनले नगरपालिकाले एक सातापछि अनुगमन गरेर कारबाही प्रक्रियामा जाने बताए ।

उनका अनुसार नगरपालिकामा २१ वटा फार्मेसी अवैध भेटिएका छन् ।

भारतीय मूलका बङ्गालीले सञ्चालन गरेका ती फार्मेसीमा बिरामीलाई औषधि दिने, सुई लगाउने, अवैधरूपमा गर्भपतनसम्म गराउने गरेको पाइएको हो । अनुगमनका क्रममा म्याद नाघेका औषधिसमेत भेटिएको स्वास्थ्य शाखा प्रमुख महराले बताए ।

दोधारा चाँदनी नगरपालिका भारतको उत्तराखण्ड र उत्तरप्रदेशसँग खुला सीमा भएका कारण यहाँ भारतीय नागरिकको बढी आवतजावत हुने गरेको छ । नगर प्रमुख लिम्बूले फार्मेसीले अवैधरूपमा लागुऔषध बिक्री गर्न थालेपछि यहाँका युवापुस्ता बिग्रिन थालेको बताए । उनले कानून र सरकारले तोकेको मापदण्डअनुसार सञ्चालन नगरे पसल बन्द गराउने बताए ।

मध्यान्ह
www.madhyanhadaily.com
५ असोज २०७९, बुधबार
21 September 2022, Wednesday

सम्पादकीय

## प्राथमिकतामा अनुगमन

मुलुक एकसाथ दुई उत्सवमा होमिदैछ । वर्षेनि आउने ठूला चाडहरूकै बीचमा आमचुनाव हुँदैछ । दशैं, तिहार, नेपाल सम्वत, उभौली, क्रिसमस लगायत चाँडहरूकै बीचमा आमनिर्वाचन हुनेछ । सरकारले मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभा चुनाव गर्दैछ । यो चुनावको तयारीमा सरकार, राजनीतिक दल र निर्वाचन आयोग केन्द्रीत छ । दलहरूले समानुपातिक तर्फको बन्दसूची निर्वाचन आयोगमा बुझाइसकेको छ । मंसिर १६ गतेसम्म बन्दसूचीले अन्तिम रूप लिनेछ । यसपछि प्रत्यक्षतर्फको उम्मेद्वार चयन प्रक्रिया शुरू हुनेछ । उम्मेदवार चयनसँगै सरकार र निर्वाचन आयोगले मतदानको प्रक्रियालाई तीव्र पार्नेछ । त्यो तीव्रतामा दल र मतदाताहरू पनि सँगै होमिनेछ । अर्कातिर यसपटकको चाडबाड चुनावमय हुनेछ ।

चाडबाड वर्षेनि आउने भएपनि आमचुनाव पाँच वर्षमा एकपटक हुन्छ । त्यसैले चाडहरू भन्दा चुनावतिर धेरैको चासो हुनसक्छ । लोकतन्त्रका लागि चुनाव र सांस्कृतिक–सामाजिक एकताका लागि चाडहरू नियमित प्रक्रिया हुन् । त्यसैले दुवैका निम्ति आमसमाज तयार हुँदैछ । यसको प्रत्यक्ष असर भने उपभोग्य वस्तुहरूमा देखिने लगभग पक्का छ । चुनावी गतिविधि र चाडहरूको तयारीमा धेरै उपभोग्य वस्तु खरीद–विक्री हुँदा मूल्य बृद्धि हुनु बजारशास्त्रको स्वभाविक नियम हुन् । त्यसैले मूल्यबृद्धिको मार नागरिकमा पर्नेछ । यसर्थ सरकारले यसतर्फ ध्यान दिन आवश्यक छ । त्यसैपनि मूल्यबृद्धिको मार नागरिकले खेप्दै आएको छ । रूस–युक्रेन युद्धका कारण विश्व अर्थतन्त्रमा परेको असरका कारण आयातित वस्तुहरूको मूल्य आकाशिएको छ ।

दक्षिण एसियाली मुलुक श्रीलंकाको खतरा नेपालमा पनि रहेको कतिपयको आंकलन छ । अर्को मुलुक पाकिस्तानको अर्थतन्त्र पनि नराम्रोसँग खल्बलिएको छ । विश्वबजारसँग प्रत्यक्ष जोडिन पुगेको नेपालमा पनि विश्वब्यापी संकटको खतरा तत्काल आउनपुग्न सक्छ । अझ कोरोना महामारीको विश्वब्यापी प्रकोपले अर्थतन्त्र सामान्य अवस्थामा फर्कन सकेको छैन । लामो समय भएको लकडाउन र निषेधाज्ञाका कारण आर्थिक गतिविधि प्रभावित बनेको थियो । जसको असर खेपिरहेको मुलुकले विश्वब्यापी आर्थिक संकटको जोखिमबाट जोगिनुपर्नेछ । त्यस्तो बेला हुन लागेको चुनाव र सामुन्नेको चाडहरूमा बजार मूल्यांकन सरकारको प्रमुख दायित्व हो । कम्तिमा कृतिम मूल्यबृद्धि र अभाव सिर्जना हुन नदिदा थोरै भएपनि राहत नागरिकलाई मिल्नेछ । राज्यको अनुभूति नागरिकलाई दिलाउने भनेको पनि अप्ठ्यारो समयमा हो । सहज परिस्थितिमा त नागरिकले नै राज्यलाई सहयोग पुऱ्याइरहेको हुन्छ ।

# नागरिकता र राष्ट्रियता

*अहिलेको संविधानले विदेशीहरूलाई सजिलै नागरिकता लिन बाटो खोलिदिएको छ ।*
*संविधानका नागरिकता सम्बन्धी प्रावधानहरू नेपाललाई फिजीकरण गर्नको लागि पर्याप्त छन् ।*

अग्रलेख



● साध्यबहादुर भण्डारी

कार्यक्रम आयोजक संस्थाका अध्यक्ष तथा कलाकार गोपाल ढकाल छन्देले कार्यक्रमको उद्देश्यमाथी प्रकाश पार्दै संस्थाले हरेक वर्ष आफ्नो वार्षिकोत्सवको अवसर पारेर गरिने यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै आगामी दिनमा थप व्यबस्थित, भव्य र सभ्य बनाईने जानकारी दिदै कार्यक्रम सफल बनाउन साथ सहयोग गर्ने सबैलाई धन्यवाद दिएका थिए ।

यसै गरि कार्यक्रमका प्रमुख अतिथी निर शाहले एक कलाकारले यसरी सबैलाई समेटेर यस किसिमका भव्य कार्यक्रम गर्नु सवै कलाकारको गौरवको विषय भएको कुरा बताए भने विशिष्ट अतिथि भुवन केसीले कार्यक्रमको सफलता र संस्थाको प्रगतिको कामना गरे । अर्का वक्ता तथा नेपाल चलचित्र कलाकार संघका अध्यक्ष रविन्द्र खड्काले देशले गर्नु पर्ने काम कलाकारले गरेको र कलाकार संघका सदस्य समेत भएकाले सम्पुर्ण कलाकार र संघले समेत यस कार्यक्रमप्रति गर्व गर्नुपर्ने बताए ।

कार्यक्रममा धिरेन शाक्य अभिनित 'नियालेर हेरु' बोलको म्यूजिक भिडियो सार्वजनिक गरिएको थियो । विविध सांस्कृतिक कार्यक्रम समेत गरिएको उक्त समारोहमा गायक कृष्ण भट्टराई, रोजी डंगोल श्रेष्ठ, खुश्बु विष्ट, प्रान्जल खतिवडा, सन्दिप भुजेलले आकर्षक प्रस्तुति दिएका थिए ।

लाईफ ओके टेलिभिजन र एभरेष्ट टेलिभिजन, क्यानडाबाट प्रत्यक्ष प्रसारण गरिएको कार्यक्रमको अफिसियल फोटोग्राफर बद्रि थापा हुन् । अतिथिहरुको बाक्लो उपस्थिति रहेको कारण कार्यक्रम हल खचाखच भरिएको थियो भने कार्यक्रमको संचालन संचारकर्मी सरोज कोइरालाले गरेका थिए ।

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAQUACLEAN    शहरः UAE
पूर्व स्वीकृत मितिः २०७९/०६/०४    चलानी नं.: ६०१८८०२९    LT. No.: 272215

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Male Cleaner | 18 | 0 | | 1000 | ३४,६७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा असोज १२ गते (28 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

TOPJOBS INT'L EMPLOYMENT SERVICES PVT. LTD.
श्रम इजाजत नं. १२५६/०७४/०७५
**Top Jobs Int'l Employment Services Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel.: 014375824, 014375822, 9841781155 / 9801100280

## CYPRUS मा रोजगार

१. कम्पनीः Powerstaff CA Private Employment Agency.    शहरः Cyprus
पूर्व स्वीकृत मितिः २०७९/०६/०४    चलानी नं.: ६०१८८०२७    L.T. No.: 272301

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AGRICULTURE WORKERS | 2 | 0 | सम्बन्धित काममा दक्ष | 500 | ६३,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | DOMESTIC WORKERS | 0 | 14 | | 315 | ४०,०१४ | | | | | | | |
| 3. | KITCHEN ASSISTANT | 2 | 2 | | 900 | ११४,३२७ | | | | | | | |

२. कम्पनीः Panagiota Meletiou Private International Employment Agency.    शहरः Cyprus
पूर्व स्वीकृत मितिः २०७९/०६/०४    चलानी नं.: ६०१८८०२८    L.T. No.: 272302

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | १५२,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | WAITER / WAITRESS | 15 | 5 | | 600 | ७६,२१८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा असोज १२ गते (28 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 984-3504205 Email: info.royal1034@Gmail.com

## Jhimruk Rural municipality
## Office of the Rural Municipal Executive

Bhyagute, Pyuthan
Lumbini Province, Nepal

### Invitation for Bids for the Construction of 15 Bed Primary Hospital

**Contract Identification No: JRM/NCB/01/2079/080**
**Date of publication: 2079/06/05 B.S. (2022/09/21)**

Government of Nepal and Jhimruk Rural Municipality has allocated funds towards the cost of **Construction of 15 Bed Primary Hospital of Jhimruk Rural Municipality** and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of 15 Bed Primary Hospital Building, Contract ID: JRM/NCB/01/2079/80 Bidding is open to all eligible as per Section V of bidding document.

1. Jhimruk Rural Municipality, Pyuthan invites electronic bids from eligible bidders for the construction of 15 Bed Primary Hospital Building, Building of JhimrukRural Municipality under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   – Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 130000000.00.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jhimruk Rural Municipalty, Bhyagute, Pyuthan, mailing address:jhimrukmun@gmail.com, Telephone no: 9857836005 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder to submit their bid electronically must purchase bidding document within office hour of 2079/07/04 B.S. and can download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document (NRs.10,000.00) in the Project's Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank** : Citizen Bank International
   **Name of Office** : Jhimruk Rural Municipality
   **Dharauti Account No.** : 0750100000136201
   **Rajaswa (revenue) Account No.** : 0750100000001202
5. Pre-bid meeting shall be held at Jhirmruk Rural Municipality at12:00hrs. on 2079/06/24 B.S. (2022/10/10A.D).
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00hrs. on 2079/07/04 B.S. (2022/10/21 A.D). Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2079/07/04 B.S. (2022/10/21 A.D) at the Jhimruk Rural Municipality Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 6000000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason whatsoever.

**Chief Administrative Officer**

# बास्केटबल च्याम्पियनसिपमा सहभागी हुने महिला टिमको बिदाइ



**काठमाडौं/मस–** माल्दिभ्समा हुने साबा महिला बास्केटबल च्याम्पियनसिपमा सहभागी हुने नेपाली महिला बास्केटबल टिमलाई बिदाइ गरिएको छ । मंगलबार १३ खेलाडीसहित १५ सदस्यीय टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले मंगलबार एक कार्यक्रमबीच बिदाइ गरे ।

प्रतियोगिता २४ देखि ३० सेप्टेम्बरसम्म हुने तालिका छ। खेलाडीमा कप्तान सदिना श्रेष्ठ, एलिना गुरुङ, एलिशा मल्ल, अमिशा घले, अनुषा मल्ल, विनामणि योञ्जन, गरिशा सिलवाल, मिना गुरुङ, मुना महर्जन, प्रतिक्षा मगर, रचना श्रेष्ठ र श्रेया खड्का छन् ।

नेपाली टिमको प्रशिक्षकमा विकास शाही र व्यवस्थापकमा निरञ्जन सत्याल छन् । यस्तै, प्रतियोगितामा फिबा रेफ्री राजकुमार महर्जनले प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्नेछन्। दक्षिण एसियालीस्तरीय बास्केटबल प्रतियोगिताको लागि नेपाली टिम २३ सेप्टेम्बरमा माल्दिभ्स जाने कार्यक्रम छ ।

# उम्ब्रो नेपालले गऱ्यो प्रिती राईलाई प्रायोजन




**काठमाडौं/मस–** नेपाली राष्ट्रिय महिला फुटबल टिमकी अट्याकिङ मिडफिल्डर प्रिती राईलाई उम्ब्रो नेपालले प्रायोजन गरेको छ। उम्ब्रोले मंगलबार एक विज्ञप्ति निकाल्दै प्रितीलाई एक वर्षको लागि प्रायोजन गरिएको जनाएको छ।

उम्ब्रोले प्रितीसँग एक वर्षको लागि ६ लाख बराबरको प्रायोजन सम्झौता गरिएको जनाएको छ । 'खेलकुदको विकासका लागि उम्ब्रोले सधैं प्रतिबद्धता जनाएको छ । खेलप्रतिको मायालाई चिन्ने त्यो फुटबल हो, उम्ब्रो नेपालले यस खेललाई देशव्यापी रूपमा समर्थन र प्रवर्द्धन गर्न आफूलाई समर्पित गरेको छ । उम्ब्रो नेपालले नेपाल महिला खेलाडी प्रिती राईलाई प्रायोजन गरेको घोषणा गर्न पाउँदा हामी खुसी छौं,' विज्ञप्तिमा भनिएको छ।

नेपाली फुटबल फस्टाउन उम्ब्रो नेपालले सधैं निरन्तर सहयोग गर्दै आएको समेत उम्ब्रोले विज्ञप्तिमा जनाएको छ । काठमाडौंमा सम्पन्न छैटौं महिला साफ फुटबलमा नेपालबाट प्रतिनिधित्व गरिरहेकी प्रितीले उत्कृष्ट प्रदर्शन गरेपछि उम्ब्रोले प्रितीलाई प्रायोजन गरेको हो।

उमेर समूहको राष्ट्रिय टिमबाट प्रतिनिधित्व गर्दै आएकी प्रिती सिनियर टिममा समेत उस्तै प्रभावशाली देखिएकी छिन्। गत शुक्रबार महिला साफको सेमिफाइनलमा भारतलाई पराजित गर्दा प्रितीको प्रर्दशन जबर जस्त देखिएको थियो ।

सानै उमेरमा महिला फुटबलको उनको उपस्थिती बलियो देखिएको छ । प्रितीकै असिस्टमा भारतविरुद्ध नेपालकी रश्मीकुमार घिसिङले गोल गरेकी थिईन्। सोही गोलले नेपाललाई ऐतिहासिक जित दिलाउँदै महिला साफमा फाइनलमा पुऱ्याएको थियो । प्रितीले गत वर्षको भदौमा दशरथ रंगशालामा बंगलादेशविरुद्धको पहिलो मैत्रीपूर्ण खेलबाट राष्ट्रिय टिममा डेब्यु गरेकी थिइन् । प्रितीले नेपालको यू-१५ र यू-१८ टोलीको कप्तानी गरिसकेकी छिन्। उम्ब्रो विश्व प्रख्यात खेलकुदको ब्राण्ड हो । नेपालमा उम्ब्रोका सामानहरु भाटभटेनी सुपर मार्केटका स्टोरहरुमा पाइन्छन् ।

# मधेश प्रदेशबाट कुस्तीमा १५ खेलाडी छनोट




**काठमाडौं/मस–** नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि मधेश प्रदेशबाट १५ जना कुस्ती खेलाडी छनोट भएका छन् । मंगलबार जनकपुरधाममा सम्पन्न प्रदेशस्तरीय प्रतियोगिताबाट १५ वटा तौल समूहका १५ खेलाडी छनोट गरिएको हो ।

चार दिनदेखि जारी प्रतियोगिताले पुरुषतर्फ १० र महिलातर्फ पाँच तौल समूहका खेलाडी छनोट गरिएको रेफ्री तथा महोत्तरीका कोच सञ्जय यादवले जानकारी दिए । उनका अनुसार ५७ केजी तौल समूहमा बाराका अमरेन्द्र यादव, ६१ केजीमा बाराकै अमरेशकुमार यादव, ६५ केजीमा पनि बाराकै अर्जुनकुमार साह, ७० केजीमा पर्साका मनोज यादव र ७४ केजी तौल समूहमा बाराका मुक्तर आलमा छनोट भएका छन् ।

यस्तै, ७९ केजी तौल समूहमा बाराका बुनिलाल राउत, ८६ केजीमा पर्साका लालबहादुर यादव, ९२ केजीमा पर्साका अवधेश यादव, ९७ केजीमा पर्साकै राजेश यादव र १२५ केजी तौल समूहमा बाराका राज यादव छनोट भएको रेफ्री यादवले जानकारी दिए ।

महिलातर्फ ५० केजी तौल समूहमा बाराकी गिता यादव, ५३ मा पर्साकी मधुकुमारी, ५५ मा बाराकी प्रमिला कुमारी, ५७ मा बाराकै किरण यादव र ६२ केजी तौल समूहमा पर्साकी निलम कुमारी छनोट भएकी छन् । छनोट भएका ९ जना बाराका तथा ६ जना पर्साका खेलाडी हुन् । मधेश प्रदेशको महोत्तरी, सिरहा, सर्लाही, धनुषा र सप्तरी जिल्लाका खेलाडी कमजोर प्रर्दशनका कारण छनोट हुन सकेनन् । कुस्तीमा अब्बल मानिएका महोत्तरीका खेलाडीको अवस्था पनि पछिल्लो समय कमजोर हुँदै गएको छ ।

प्रदेशबाट छनोट भएका खेलाडी राष्ट्रिय प्रतियोगितामा भाग लिन पाउनेछन् । पोखरामा असोज २८ देखि कात्तिक ३ गतेसम्म हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा उनीहरू सभागी हुनेछन् ।

# एलेन र इभानालाई स्वर्ण

**काठमाडौं/मस–** आदर्श विद्या मन्दिर (एभीएम) का एलेन महर्जन र इभाना थापाले केकेएम/एनआरटी खुला टेबलटेनिस प्रतियोगितामा मंगलबार स्वर्ण जितेका छन् । क्याडेट सिंगल्सको ब्वाइजमा एलेन र गर्ल्समा इभाना पहिलो भएका हुन् ।

काठमाडौं खेल मण्डल (केकेएम)/न्यु रोड टिम (एनआरटी) को संयुक्त आयोजनामा भइरहेको प्रतियोगिताको ब्वाइज फाइनलमा एलेनले भानुभक्त मेमोरियल स्कुलका उज्ज्वल मानन्धरलाई ११-५, ११-७ र ११-७ को सोझो सेटमा पराजित गरे । केकेएम/एनआरटीका शंकर पहाडी र एभीएमका अतित गुरुङ तेश्रो भए ।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको गर्ल्सको स्वर्ण भिडन्तमा इभानाले केकेएम/ एनआरटीकी नर्मदा खाइतुलाई ११-८, ११-६ र ११-३ को सीधा सेटमा हराए । एभीएमका आर्सना महर्जन र साइरा शाक्य तेश्रो बने ।

प्रतियोगिताको अखिल नेपाल टेबलटेनिस संघका अध्यक्ष चतुरानन्दराज वैद्यले एक कार्यक्रमबीच उद्घाटन गरे । पुरुष/महिला, क्याडेट र जुनियर ब्वाइज/गर्ल्स सिंगल्स ६ तथा भेट्रानमा ५ गरी जम्मा ११ स्पर्धा समावेश छन् ।

भेट्रानका ५ स्पर्धा बाहेक सबैमा नगद पुरस्कार राखिएको छ । पुरुष/महिला सिंगल्समा पहिलो हुनेले ५० हजार, दोश्रोले २५ हजार र तेश्रोले १०/१० हजार नगद पुरस्कार प्राप्त गर्ने छन् । जुनियर ब्वाइज/गर्ल्स सिंगल्स (यु-१९) तथा क्याडेट ब्वाइज/गर्ल्स सिंगल्स (यु-१५) मा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः १० हजार, ५ हजार र २ हजार ५ सय/२ हजार ५ सय नगद पुरस्कार हात पार्ने छन् । प्रतियोगिता शुक्रबारसम्म चल्ने छ ।

# दशकपछि आयोजकले जित्यो २० औं लिस्नुकपको उपाधि

**भैरहवा/मस–** रुपन्देहीको कोटीहवामा सञ्चालित २०औं लिस्नु कप फुटबल प्रतियोगिताक उपाधि आयोजक लिस्नु युवा क्लबले जितेको छ । पशुपति माविको खेल मैदानमा भएको फाइनल खेलमा आयोजक लिस्नुले छिमेकी टिम फर्साटिकर एफ सी लाई १ गोलले हराएको हो । आयोजक एक दशकपछि पुनः च्याम्पियन भएको हो ।

एक नाइजेरीयन खेलाडी फोडे फुफानासहित मैदान ओर्लिएको आयोजक लिस्नुले पहिलो हाफमा १ गोल मात्र गर्न सफल थियो भने फर्साटिकर २ गोल गर्दै अग्रस्थानमा थियो। त्यसपछिको दोस्रो हाफमा लिस्नुले पुनः १ गोल गरेपछि खेल निकै रोमाञ्चक स्थितिमा पुग्यो । खेल बराबरीमा सकिएको थियो ।

ट्राइब्रेकरमा ५-५ जनाले प्रहार गरेको गोल दुबै तर्फबाट पुनः ४-४ गोल भयो । त्यसपछि पनि ३-३ जनाले प्रहार गरेको गोल पनि निर्णयको बिन्दुमा पुगेन । सँगै गोल किपरको प्रहार पनि जित हारको साबित भएन । त्यसपछि भएको ३-३ जनाको प्रहारमा फर्साटिकरको एक बल पोलमा ठक्कर खाइ बाहिर गएपछि लिस्नुको जित पक्का भयो ।

विजेताले ३ लाख रुपैयाँ र ट्रफी तथा उपविजेताले १ लाख ५० हजार रुपैयाँ र ट्रफी प्राप्त गरेका छन् ।

# विश्वकप खेल्ने न्युजिल्याण्ड र आयरल्याण्डको टिम घोषणा

**काठमाडौं/एजेन्सी–** न्युजिल्याण्डले अष्ट्रेलियामा आयोजना हुने आईसीसी टी-ट्वान्टी विश्वकप क्रिकेटका लागि टिम घोषणा गरेको छ। न्युजिल्याण्डले केन विलियम्सको कप्तानीमा १५ सदस्सीय टोलीको घोषणा गरेको हो ।

न्युजिल्याण्ड टिममा रहेका मार्टिन गुप्टिल आफ्नो सातौं टी-ट्वान्टी विश्वकपको लागि तयारी गरिरहेका छन्। जुन आफैंमा एक अविश्वसनीय उपलब्धि हो ।

सातौं टी-ट्वान्टी विश्वकपका लागि गुप्टिलको छनोटसँगै उनी ड्वेन ब्राभो, क्रिस गेल, मोहम्मद महमुदुल्लाह र मुशिफकुर रहिमजस्ता खेलाडीको सूचीमा सामेल भएका छन् । शाकिब अल हसन र रोहित शर्मा आठौं विश्वकपको तयारीमा रहेका छन् । टी-ट्वान्टी विश्वकप १६ अक्टोबरबाट १३ नोभेम्बरसम्म अष्ट्रेलियाको विभिन्न सात शहरमा आयोजना हुनेछ ।

न्युजिल्याण्ड अघिल्लो संस्करणमा फाईनलमा अष्ट्रेलियासँग पराजित भएर उपविजेता बनेको थियो । न्युजिल्याण्डले अक्टोबर २२ मा अष्ट्रेलियाविरुद्ध खेल्दै टी-ट्वान्टी विश्वकप शुरुवात गर्नेछ । त्यस्तै आयरल्याण्डले पनि अष्ट्रेलियामा आयोजना हुने आईसीसी टी-ट्वान्टी विश्वकप क्रिकेटका लागि टिम घोषणा गरेको छ । आयरल्याण्डले एन्ड्री बालबेर्नीको कप्तानीमा १५ सदस्सीय टोलीको घोषणा गरेको हो । बालबेर्नीले यस प्रतियोगितामा आयरल्याण्डको आक्रमणको नेतृत्व गर्नेछन् । उनलाई एक अनुभवी टोलीको कप्तानको रूपमा लिइएको छ । यस टोलीमा प्रतिभाशाली भेट्रानहरू र प्रतिभावान युवाहरूको राम्रो मिश्रण रहेको छ ।

टोलीमा रहेका ओपनर पल स्टर्लिङ, अलराउन्डर जर्ज डकरेल र बालबर्नीले १५ सदस्यीय टोलीमा अनुभवी खेलाडीको रुपमा रहनेछन्। स्टार ब्याट्सम्यान ह्यारी टेक्टर लगातार तथा तीव्र गतिका बलर मार्क एडेयरले टिमलाई सन्तुलित राख्ने छन् । टी-ट्वान्टी विश्वकप १६ अक्टोबरबाट १३ नोभेम्बरसम्म अष्ट्रेलियाको विभिन्न सात शहरमा आयोजना हुनेछ । आयरल्यान्डले टी-ट्वान्टी विश्वकपमा १७ अक्टोबरमा जिम्बावेसँग पहिलो खेल खेल्नेछ । आयरल्याण्डको टोलीमा एन्ड्रयु बालबेर्नी (कप्तान), पल स्टर्लिङ (उपकप्तान), मार्क एडेयर, कर्टिस क्याम्पर, गैरेथ डेलानी, जर्ज डोकरल, स्टिफन डोहेनी, फियोन ह्यान्ड, जोस लिटल, ब्यारी म्याकार्थी, कोनोर ओल्फर्ट, सिमी सिंह, ह्यारी टेक्टर, लोर्कन टकर र क्रेग योङ रहेका छन् ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०६/०५**

**जम्भला ईन्फ्राटेक प्रा.लि.**को मिति २०७९/०५/११ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अकला इन्फ्राटेक प्रा.लि. (प्रा. लि.नं.: २६६६३७)**कायम गर्ने गरी मिति २०७९/०६/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## Padma Public Muktinarayan Secondary School

**Silgadhi, Doti**

**Invitation for Bids for the Padma Public School 3S-12CR-Academic Building Construction**

**Contract Identification No: NCB/PADMA/01/079/080**

**Date of publication: 5th Ashoj 2079 (21st September 2022)**

1. Office of Padma Public Muktinarayan Secondary School invites electronic bids for Nepalese eligible bidders for the construction of Padma Public School 3S-12CR- Academic Building Construction under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 86, 32,149.28 (Inclusive of PS items and Exclusive of VAT & Contingencies).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Padma Public Muktinarayan Secondary School, Silgadhi, Doti, and Contact No: 094-411115or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should submit Firm Registration Certificate, Business Registration Certificate (License), VAT and PAN Registration certificate, Tax Clearance certificate valid for **FY 079/080** andshould deposit Nrs. 3000 for bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids..
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank : Rastriya Banijya Bank, Silgadhi Doti
   Name of Office : Padma Public Muktinarayan Secondary School
   Office Account no. : **4100100000135001**
4. Pre-bid meeting shall be held at Office of Padma Public Muktinarayan Secondary School, Silgadhi, Doti, Sudoor Pachism Province Nepal at 11th October 2022, (25th Ashoj 2079 B.S.,), and 2:00 PM.
5. Electronic bids must be submitted to the office Padma Public Muktinarayan Secondary School Silgadhi, Doti through PPMO website www.bolpatra.gov.np. On or before 21st October 2022 A.D. (4th Kartik 2079 B.S.), 12:00 PM. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 21st October 2022 A.D. (4th Kartik 2079 B.S.,), 1:00 PM, at the office of Padma Public Muktinarayan Secondary School,Silgadhi, Doti. Bid security must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid amounting to a minimum of **NRs.1, 80,000.0/- (One lakh and EightyThousand Only**), which shall be valid for 30 days beyond the validity period of the bid. If Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in Deposit account No.: **4100100009781001**of Padma Public Muktinarayan Secondary School, Doti at Rastriya Banijya Bank, Silgadhi and submit the receipt of the deposited amount of cash along the bid or scanned PDF copy in case of e-submission
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Office of Padma Public Muktinarayan Secondary School,Silgadhi, Doti reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
9. In Case of Discrepancy or error in Tender notice, bid document and other document Padma Public School 3S-12CR-Academic Building Constructionreserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Padma Public School 3S-12CR-Academic Building Construction & Dipayal Silgadhi Municipality Office, Silgadhi, Doti.

**Principal**



## रंगेली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## रंगेली अस्पताल

रंगेली, मोरङ्ग

**आसयको सूचना**

**प्रकाशित मिति २०७९/०६/०५**

यस रंगेली अस्पतालले फार्मेसीबाट बिक्री तथा बितरण गरिने औषधीको आपूर्ति गर्न मिति २०७९/०५/१४ गते नागरिक दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका प्रस्तावहरुको मूल्याङ्कनमा सिभिल मेडिकल सप्लायर्स, इटहरीको प्रस्ताव स्वीकृत भएको हुँदा सरोकारवालाहरुको जानकारीको लागि यो आसयको सूचना प्रकाशन गरिएको छ ।

**रंगेली अस्पताल**



## कतारमा रोजगार | १. कम्पनीः MANFORCE TRADING & CONTRACTING CO WLL

शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०२/१७ चलानी नं.: ६०१८०११३ LT. No.: 263880 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 2 | 0 | सम्बन्धित काममा दक्ष | 3600 | १,२१,७५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver Light | 17 | 0 | | 1600 | ५४,११२ | | | | | | | |
| 3. | Gen Clean Worker | 1 | 0 | | 1100 | ३७,२०२ | | | | | | | |
| 4. | Oa/hr | 1 | 0 | | 2500 | ५४,११२ | | | | | | | |
| 5. | Receptionist | 0 | 1 | | 1600 | ५४,११२ | | | | | | | |
| 6. | Specialist Recruitment | 0 | 2 | | 2500 | ८४,५५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ असोज १२ गते (28 Sept. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

diana overseas
श्रम इजाजत नं. $)*÷)^)÷)^!

**डायना ओभरसिज प्रा. लि.**

बाल कुमारी, ललितपुर, नेपाल

फोन नं: ०१-५१८६३८४/५१८६३८५/५१८६४२९/५१८६३२८



## KUWAIT मा रोजगार | १. कम्पनीः AT DELIVERY CO FOR THE DELIVERY OF CONSUMER ORDERS W.L.L.

शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०१/१२ चलानी नं.: २६१७८५२० LT. No.: 261728 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 19 | 0 | स. काममा दक्ष | 135 | ५३,९२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १२ गते (28 Sept. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1210/073/074

**GOLD OVERSEAS PVT. LTD.**

Basundhara Kathmandu, Tel: 5903225, Mob.: 9807979144

Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com

गो.हु.का.द.नं. ३३/०६९/०७०

५ असोज २०७९, बुधबार
21 September 2022, Wednesday



**बजार अनुगमन** : सूर्यविनायक नगरपालिकाको टोलीद्वारा नगर क्षेत्र भित्रका विभिन्न पसलको अनुगमन गर्दै । *तस्बिर : रमेश गिरी/रासस*

## कर्जा सुरक्षण कोषमाथि गभर्नरको प्रश्न

# ‘४८ वर्ष पुग्दा पनि कुनै योजना देखिएन’

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ४, असोज ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले कर्जा सुरक्षण कोषको क्षमतामाथि प्रश्न उठाएका छन् । मंगलबार कोषको ४९ औं वार्षिकोत्सव कार्यक्रममा बोल्दै गभर्नर अधिकारीले कोषले ४८ वर्ष पुग्दा पनि योजना विहिन देखिएको बताएका हुन् । उनले कोषलाई योजनामा ध्यान दिन र प्रिमियममा मात्रै फोकस नहुन सुझाव दिएका छन् ।

‘कोषले ४८ वर्षमा कति डिपोजिटरलाई पे गर्यो ? कोषमा रकम बढ्दा निक्षेपकर्ताको विश्वास सिर्जना गर्छ, कर्जाको लागि दाबी नपर्नुको कारण हाम्रो मेकानिजम हो कि,’ उनले भने । उनले सिस्टमका आधारमा दावी भुक्तानी गर्नुपरेको बताए । केही संस्थाले गलत अभ्यास गरेका कारण तरतलता अभाव भएको उनले बताए ।




‘कोषको काम पैसा संकलन गर्ने मात्रै होइन, इन्स्योरेन्सको डिपोजिट प्रभावकारी भएन, हामीले आन्तरिक उत्पादन बढाउनेमा केन्द्रित गरेका छौं तर बैंकले जोखिम देख्छन्, यसको ब्रिजको काम कोषले गर्नु पर्छ,’ उनले भने ।

गभर्नर अधिकारीले मुलुकको अर्थतन्त्रले आन्तरिक उत्पादन, कृषि उत्पादन र उद्योगमा लगानी वृद्धि खोजेको बताए । उनले बैंक तथा वित्तीय संस्थाहरुले स्टार्टअप, साना उद्यम, कृषि उत्पादनमा कर्जा जोखिम देखेर लगानी नगरेको बताए । गभर्नर अधिकारीले राष्ट्र बैंकले उत्पादन क्षेत्रमा लगानी जोखिमको सुरक्षण गर्ने नीति ल्याएको बताए । उनले बैंक तथा वित्तीय संस्थाहरुको आफ्नौ किसिमको नीति भएकाले सरकारले वा अर्थतन्त्रले चाहेको ठाउँमा कर्जा दिन नसक्ने अवस्था आउने बताए ।

गभर्नर अधिकारीले अर्थतन्त्रले अहिले आन्तरिक उत्पादन वृद्धि खोजिरहेकाले राष्ट्र बैंकले अर्थतन्त्रको आवश्यकता अनुसार कर्जा नीति बनाउँदै आएको बताए । उनले राष्ट्र बैंकले अहिले बैंकहरुको कुल कर्जा लगानीको १५ प्रतिशत साना लघु, घरेलु तथा साना उद्योग, कृषिमा र १० प्रतिशत जलविद्युतमा लगानी अनिवार्य गरिएको बताए ।

# महिन्द्राको इलेक्ट्रिक थ्री–ह्विलर अटो ‘ट्रियो’ सुर्खेतमा




**काठमाडौं/मस** – महिन्द्रा इलेक्ट्रिक मोबिलिटीले ट्रियो नामक लिथियम-आइओन सञ्चालित इलेक्ट्रिक थ्री-ह्विलर अटो सुर्खेतमा सार्वजनिक गरेको छ । महिन्द्रा समूहको एक हिस्सा रहेको यस कम्पनीले मंगलबार सुर्खेत उक्त इलेक्ट्रिक अटो सार्वजनिक गरेको हो । महिन्द्रा ट्रियो पूर्ण निर्माण युनिट (सीबीयु) संरचनाको माध्यमबाट नेपाल आउने गर्दछ । यो गाडी महिन्द्राको भारतको बेंगलुरुस्थित फ्याक्ट्रीमै निर्माण भइरहेको छ । दक्षिण नेपालको तराई क्षेत्रका चुनिएका केही क्षेत्रमा ट्रियो अटो वितरण गर्न तयारी लागि बुकिङ शुरु भएको कम्पनीले जानकारी दिएको छ ।

महिन्द्राको अधिकृत ईभी वितरक अग्नि इनर्जीले नेपालमा ट्रियो बिक्री गर्नेछ । महिन्द्रा ट्रियोसँग ग्राहकले वार्षिक २ लाख (पेट्रोल अटोको तुलनामा) रुपैयाँ बचत गर्नसक्ने कम्पनी बताउँछ । भारतमा महिन्द्रा ट्रियो १० हजारभन्दा बढी बिक्री भएको भारतको सबैभन्दा ठूलो लिथियम आयोन इलेक्ट्रिक अटो प्लेटफर्म हो । यो पहिलोपल्ट २०१८ मा सार्वजनिक गरिएको थियो ।

ट्रियो ठूलो मात्र नभइ विद्युतीय सवारी साधन उद्योगकै सबैभन्दा राम्रो (बेस्ट इन इन्ड्रस्ट्री) २,०७३ मिलिमिटर व्हीलबेसका साथ, जस्तोसुकै कच्ची सडकमा पनि आरामदायी सवारीका लागि अगाडि हाइड्रोलिक सक एब्जर्भर र पछाडि लिफ स्प्रिङको प्रयोग गरिएको छ । यस अटोमा राम्रो रोक्ने शक्ति भएको हाइड्रोलिक ब्रेक पनि उपलब्ध हुनुको साथै यस अटोले पूर्ण रूपमा डिजिटल यान्त्रिक कन्सोलले चार्जको अवस्था (स्टेट अफ चार्ज-एओसी), गाडी चलाउने दायरा, गति, ड्राइभ मोड संलग्नता र अन्य विभिन्न सूचनाहरूको विस्तृत जानकारी देखाउँछ । यसको अटोको मूल्य ८ लाख ४० हजार तोकिएको छ ।

# नाडामा नबिलको आकर्षक योजना

**काठमाडौं/मस** – नबिल बैंकले चाडपर्वलाई लक्षित गर्दै इलेक्ट्रिक गाडी कर्जाको विशेष योजना ल्याएको छ । बैंकले यही असोज ६ गते देखि असोज ९ गते सम्म भृकुटीमण्डप, काठमाडौंमा आयोजना हुन गइरहेको नाडा इभी एक्स्पो २०२२ मा सहभागी हुँदै आफ्ना ग्राहक वर्गहरुलाई निःशुल्क क्रेडिट कार्ड तथा ऋण प्रशासनिक शुल्कमा विशेष छुट उपलब्ध गराउने जनाएको छ ।

वातावरण तथा दिगो विकासका लागि विद्युतीय सवारीसाधनको आवश्यकता रहेकोले यस्तो आकर्षक अफर ल्याएको बैंकले जानकारी गराएको छ । यस नाडा ईभी एक्सपो अन्तर्गत बैंकको स्टल नं. जी १२ मा ग्राहक वर्गलाई तत्काल ऋण मुल्यांकन गरी कर्जा स्वीकृती पत्र शर्तहरु लागु हुने गरी प्रदान गर्ने सुविधा राखिने बैंकको बताएको छ ।

# असोज ८ गते ‘एनएमबि बजार’ हुँदै

**काठमाडौं/मस** – एनएमबि बैंकले ‘एनएमबि बजार’ आयोजना गर्ने भएको छ । स्वदेशी सीप र उत्पादनको दिगो प्रवर्द्धन र प्रोत्साहन गर्ने प्लाष्टिक रहित ‘एनएमबि बजार’ आयोजना गर्ने लागेको बैंकले जनाएको छ । दशैं र तिहारलाई लक्षित गरी संचालन गरिएको एनएमबि बजारमा ६० भन्दा बढी स्टलहरु राख्ने बैंकले जानकारी दिएको छ ।




बैंकको अनुसार बजारमा जुत्ता, लत्ताकपडा, चिया, केक, ह्याण्डीक्राफ्ट, साबुन, सर्फ, झोला लगायत दैनिक जीवनमा आवश्यक सामान क्युआररपोस मार्फत सहुलियत मुल्यमा खरिद गर्न सकिने छ । एनएमबि बैंकले असोज ८ गते सानेपास्थित हेरिटेज गार्डेनमा बिहान ९ बजेदेखी बेलुका ५ बजेसम्म आयोजना गर्ने जनाएको छ ।

एनएमबि बैंकले हाल देशभर २०१ शाखाहरु, १३८ एटिएमहरु र ११ एक्सटेन्सन काउन्टरहरु मार्फत उच्च स्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

# सोपान फर्मास्युटिकल्सले आइपिओ निष्काशन गर्ने




**काठमाडौं/मस** – सोपान फर्मास्युटिकल्स लिमिटेडले सर्वसाधारणमा १४ लाख कित्ता धितोपत्रको सार्वजनिक निष्काशन गर्ने भएको छ । हाल कम्पनीको जारी पूँजीलाई वृद्धि गरी ७० करोड कायम गर्ने र सो जारी पूँजीको २० प्रतिशत अर्थात् १४ करोड बराबरको शेयर सर्वसाधारणमा सार्वजनिक निष्काशन गर्ने कार्यका लागि एनएमबि क्यापिटल लिमिटेडलाई निष्काशन तथा बिक्री प्रवन्धकमा नियुक्त गरेको छ ।

सो निष्काशन गर्ने सम्बन्धी सम्झौतापत्रमा सोपान फर्मास्युटिकल्स लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुमन न्यौपाने र एनएमबि क्यापिटल लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत दिपेश कुमार वैद्यले एक कार्यक्रमका बीच एनएमबि क्यापिटल लिमिटेडको कार्यालयमा आज हस्ताक्षर गरेका छन् । उक्त कार्यक्रममा सोपानका वित्त प्रमुख रुपेश महतका साथै क्यापिटलका चिफ बिज्नेश अफिसर कमल प्रसाद नेपाल तथा फण्ड म्यानेजमेण्ट प्रमुख आशिष राज पाण्डेको समेत उपस्थिति रहेको थियो । सोपानका प्रमुख कार्यकारी अधिकृतले उक्त शेयर निष्काशन यसै वर्षभित्रमा नै सम्पन्न गरिसक्ने गरी क्यापिटलसँग योजना बनाएको समेत जानकारी दिएका छन् ।

ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वार्ड नं ८ मा अवस्थित लब्ध प्रतिष्ठित गैर आवासीय नेपाली व्यवसायीहरु, नेपाली सफल व्यापारिक घराना, औषधि, स्वास्थ्य तथा अन्य क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरुको संलग्नतामा स्थापित सोपान फर्मास्युटिकल्स लिमिटडले आईएसओ, विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) तथा युरोपियन मापदण्डको गुड म्यानुफ्याक्चरिङ प्र्याम्क्टिस (जीएमपी) अनुसारको अत्याधुनिक उपकरण तथा प्रविधिको प्रयोग गरी आ.व. २०७८/०७९ देखि उच्च गुणस्तरको विभिन्न प्रकारका औषधिहरु उत्पादन गर्दै आएको छ ।

यस कम्पनीले औषधि व्यवस्था विभागमा ११० वटा औषधिहरुको उत्पादन अनुमतिको लागि आवेदन पेश गरेकोमा हालसम्म ६० वटा औषधिहरुको उत्पादन अनुमति प्राप्त भैसकेको र २५ वटा औषधिहरु हाल बजारमा विक्री वितरण भैरहेको छ । त्यसैगरी थप ६० वटा औषधिहरु अनुसन्धान तथा विकासको चरणमा रहेका छन् । कम्पनीले आगामी २ वर्ष भित्र औषधिको संख्या २०० पु-याउने लक्ष लिएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुमन न्यौपानेले बताएका छन् ।

# ‘खल्ती’मा बैंक खाता लिंक गर्दा बोनस पाइने



**काठमाडौं/मस** – ‘खल्ती’ले राष्ट्रिय वाणिज्य बैंकको खाता खल्तीमा लिंक गरी पहिलो भुक्तानी गर्ने प्रयोगकर्ताहरूलाई १०० रूपैयाँ बोनस अफर ल्याएको छ । साथै, यस अफर अवधिमा एक प्रयोगकर्ताले स्मार्टफोन जित्ने मौका पनि रहेको छ ।

यो बोनस अफर,राष्ट्रिय वाणिज्य बैंक खाता खल्तीमा पहिलो पटक लिंक गरि पहिलो भुक्तानी गर्ने कुनै पनि प्रयोगकर्ताका लागि लागू हुनेछ । साथै यस अफरमा सहभागी भएका मध्ये एक भाग्यशाली प्रयोगकर्ताले स्मार्टफोन जित्नेछन् । यो अफर असोझ ३१ सम्म लागू हुनेछ । खल्ती मा बैंक लिंक गर्न भने प्रयोगकर्ताले आफ्नो केवाईसी प्रमाणित गरेको हुनुपर्नेछ । यस बाहेक आफ्नो बैंक खाता लिंक गर्ने प्रयोगकर्ताहरूले खल्ती प्रयोग गरी केही ट्यापहरू मार्फत उपलब्ध इन्टरनेट, फ्लाइट, पानी, बिजुली र सरकारी राजस्व जस्ता बिलहरूको प्रत्यक्ष भुक्तानी गर्न सक्छन् ।

अफरको बारेमा ‘खल्ती’ डिजिटल वालेटका प्रमुख कार्यकारी निर्देशक बिनय खड्का भन्छन्, ‘यस अफर मार्फत हामी प्रयोगकर्ताहरूलाई डिजिटल भुक्तानी गर्ने बानी बसाल्न प्रोत्साहित गर्न चाहन्छौं । उपभोक्ताहरूले अब पैसा पुन: लोड गर्ने समस्याको सामना गर्नुपर्दैन । खल्तीका धेरै प्रयोगकर्ताहरुले यो सेवा मन पराउँछन् किनभने यसले उनीहरूलाई एक लिंक गरिएको बैंकबाट अर्कोमा सेकेन्डमा पैसा पठाउन सहज गर्दछ ।’ करिब ६ वर्षको अवधिमा खल्ती डिजिटल वालेटको ६० हजार प्लस एजेन्ट नेटवर्कको साथमा देशभर २३ लाखभन्दा बढी प्रयोगकर्ताहरू छन् ।

# सानिमाले सञ्चालनमा ल्यायो क्यास डिपोजिट मेसिन




**काठमाडौं/मस** – सानिमा बैंकले ग्राहकहरुको सुविधाको लागि क्यास डिपोजिट मेसिन सञ्चालनमा ल्याएको छ । उक्त मेशिनबाट ग्राहकहरुले आफ्नो खातामा आँफै रकम जम्मा गर्न सक्ने बैंकले जनाएको छ ।

हाल उक्त मेसिनबाट ग्राहकहरुले ५ सय र १ हजार दरका नोट १ लाख भन्दा कम जम्मा गर्न सक्नेछन् । यसरी रकम जम्मा गर्दा ग्राहकहरुले रकम जम्मा भएको रसिद प्राप्त गर्ने बैंकले जनाएको छ । क्यास डिपोजिट मेसिनको सुविधा अहिले बैंकको केन्द्रीय कार्यालयमा मात्रै उपलब्ध रहेको छ ।

# राष्ट्रिय वाणिज्य बैंक र डिप्रोक्स लघुवित्त पुरस्कृत

**काठमाडौं/मस** – निक्षेप तथा कर्जा सुरक्षण कोषले राष्ट्रिय वाणिज्य बैंक र डिप्रोक्स लघुवित्त वित्तीय संस्थालाई पुरस्कृत गरेको छ । कोषले सबैभन्दा बढी निक्षेप सुरक्षण गर्ने राष्ट्रिय वाणिज्य बैंक र सबैभन्दा बढी कर्जा सरक्षण गरेको डिप्रोक्स लघुवित्तलाई पुरस्कृत गरेको हो ।



कोषका अनुसार गत आर्थिक वर्षमा राष्ट्रिय वाणिज्य बैंक सबैभन्दा बढी निक्षेपतर्फ बढी प्रिमियम बुझाएको छ । समीक्षा अवधिमा बैंकले ७३ अर्ब रुपैयाँ निक्षेप सुरक्षण गरी १२ करोड प्रिमियम बुझाएको छ ।

त्यस्तै, सबैभन्दा बढी कर्जा सुरक्षण गरेको डिप्रोक्स लघुवित्तले १८ अर्ब सुरक्षण गरी ३ करोड ६४ लाख प्रिमियम बुझाएको कोषले जानकारी गराएको छ । कोषले आफ्नो ४९औं वार्षिकोत्सवको अवसरमा दुई संस्थालाई सम्मान गरेको हो ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ